एसियाली विकास बैंक

विशेष परियोजना सहजकर्ताको

# अन्तिम समीक्षा तथा मूल्यांकन प्रतिवेदन

**गुनासो (उजुरी) नंः SPF-२०२०-०-(०२-००९४**
**(Case No. SPF-2020-02-02-0094)**

ऋण नं. २९९०/२९९१-नेपालः तनहुँ जलविद्युत् आयोजना माथिको गुनासोमा आधारित



नोभेम्बर २०२०

*यस रिपोर्टलाई विशेष परियोजना सहजकर्ताको कार्यालयद्धारा नेपाली र मगर भाषाहरुमा उल्था गरिएको हो । उल्था गरिएका संस्करणहरुमा कुनै विसङ्गति पाइएमा अँग्रेजी भाषाकै रिपोर्टलाई आधिकारिक मानिनेछ ।*

यो दस्तावेज एसियाली विकास बैंकको सूचना नीति अनुसार आमरुपमा सार्वजनिक हुनेछ ।

## संक्षिप्त रुप

| | |
|---|---|
| एडीबी | एसियाली विकास बैंक |
| एएच | प्रभावित घरपरिवार (अफेक्टेड हाउसहोल्ड) |
| एआइएच | प्रभावित आदिवासी जनजाति घरपरिवार (अफेक्टेड इन्डिजिनियस हाउसहोल्ड) |
| एपी | प्रभावित व्यक्तिहरु (अफेक्टेड पिपुल) |
| सीडीसी | क्षतिपूर्ति  निर्धारण समिति (कम्पेन्सेसन डिटर्मिनेसन कमिटि) |
| सीइएमएसओजे | सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय सञ्जाल (कम्युनिटी इम्पावरमेन्ट एण्ड सोसल जस्टिस नेटवर्क) |
| सीएम | गुनासो संयन्त्र (कम्प्लेन्टस् मेकानिजम्) |
| इआइए | वातावरणीय प्रभाव मूल्यांकन (इन्भायरोमेन्टल इम्प्याक्ट एसेसमेन्ट) |
| इआइबी | युरोपेली लगानी बैंक (युरोपियन इन्भेस्टमेन्ट बैंक) |
| इएसएमएसपी | वातावरणीय र सामाजिक व्यवस्थापन सेवा प्रदायक (इन्भायरोमेन्ट एण्ड सोसल म्यानेजमेन्ट सर्भिस प्रोभाइडर) |
| एफपीआइसी | स्वतन्त्र, अग्रिम तथा सूचित सहमति (फ्रि, प्रायोर एण्ड इन्फर्म्ड कन्सेन्ट) |
| जीआरएम | गुनासो समाधान संयन्त्र (ग्रिभान्स रिड्रेस मेकानिजम) |
| आइपी | आदिवासी जनजाति (इन्डिजिनियस पिपुल) |
| आइएनडब्लुओएलएजी | आदिवासी महिला कानुनी सचेतना समूह (इन्डिजिनियस वुमन्स लिगल अवेयरनेस ग्रुप) |
| जाआइसीए | जापानी अन्तर्राष्ट्रिय सहयोग संस्था (जाप्नीज इन्टरनेशनल कोअपरेसन एजेन्सी) |
| केभी | किलो भोल्ट |
| एलसीएफ | स्थानीय परामर्श मञ्च (लोकल कन्सल्टेसन फोरम) |
| एम | मिटर |
| एमओइ | उर्जा मन्त्रालय (मिनिस्ट्री अफ इनर्जी) |
| एमडब्लु | मेगावाट |
| एनइए | नेपाल विद्युत् प्राधिकरण (नेपाल इलेक्ट्रिसिटी अथोरिटी) |
| एनजीओ | गैर सरकार संस्था (नन-गभर्मेन्ट अर्गनाइजेनस) |
| ओएसपीएफ | विशेष परियोजना सहजकर्ताको कार्यालय (अफिस अफ द स्पेसल प्रोजेक्ट फेसिलिटेटर) |
| पीएमओ | परियोजना व्यवस्थापन कार्यालय (प्रोजेक्ट म्यानेजमेन्ट अफिस) |
| पीओइ | विज्ञहरुको समूह (प्यानल अफ एक्सपर्टस्) |
| आरआइपीपी | पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना (रिसेटलमेन्ट एण्ड इण्डिजिनियस पिपुल प्लान) |
| एसएआरडी | दक्षिण एसिया विभाग (साउथ एसिया डिपार्टमेन्ट) |
| टीएचएल | तनहुँ जलविद्युत् लिमिटेड (तनहुँ हाइड्रोपावर लिमिटेड) |
| युपी आरआइपीपी | अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना (अपडेटेड रिसेटलमेन्ट एण्ड इण्डिजिनियस पिपुल प्लान) |

# विषयसूची


पृष्ठ

१. पृष्ठभूमी ........ १

क) परियोजना ........ १

ख) गुनासो ........ ३

ग) योग्यताको निर्धारण ........ ४

२. समीक्षा र मूल्यांकन ........ ५

क) समीक्षा र मूल्यांकनका उद्देश्य ........ ५

ख) सरोकारवालाको पहिचान ........ ६

ग) विधि ........ ७

घ) मूल्यांकनमा मुद्दाहरु ........ ८

३. प्रस्तावित कारबाहीको कार्यप्रणाली र अर्को चरण ........ १२

अनुसूची १ः गुनासोकर्ताको पत्र ........ १६

अनुसूची २ : विशेष परियोजना सहजकर्ता कार्यालयको प्राप्ति/मञ्जुरी पत्र ........ २३

अनुसूची ३ः सम्पर्क गरिएका सरोकारवालाको सूची ........ २४

अनुसूची-४ कार्यभारः सामाजिक, साँस्कृतिक/आदिवासी जनजातिसम्बन्धि विज्ञ ........ २५

अनुसूची-५ कार्यभार : जग्गा मूल्यांकन अध्ययन ........ २८

# १. पृष्ठभूमी

**क) परियोजना**

१. तनहुँ जलविद्युत् लिमिटेड (टीएचएल), नेपाल विद्युत् प्राधिकरणको सहायक संस्थाका रुपमा सन् २०१२ मा स्थापना भएको हो । १४० मेगावाट विद्युत् उत्पादन गर्नेगरी तनहुँ जलविद्युत् परियोजना (यसअघि, माथिल्लो सेती जलविद्युत् आयोजना) विकासका लागि प्राधिकरणको सहायक कम्पनी खडा भएको हो । परियोजनास्थल काठमाडौंबाट १५० किमी पश्चिममा तनहुँ जिल्लाको दमौली नजिक सेती नदीमा अवस्थित छ । परियोजनाका मुख्य तीन पक्षहरु छन्: (१) पर्याप्त जलाशयसहितको मध्यम आकारको जलविद्युत् आयोजनासँगै उत्पादित विद्युत् निष्काशनका लागि प्रसारणलाइन; (२) ग्रामीण विद्युतीकरण तथा परियोजना क्षेत्रमा सामुदायिक विकास; (३) नेपाल विद्युत् प्राधिकरणको पुनर्संरचना र सुधार ।

२. जलाशययुक्त जलविद्युत् उत्पादनतर्फ १४० मेगावाट जडित क्षमता छ र यसबाट पहिलो दश वर्षसम्म वार्षिक औसत ५८७.७ गिगावाट-घण्टा र दश वर्षपछि ४८९.९ गिगावाट-घण्टा उर्जा उत्पादन हुन्छ । जलविद्युत् उत्पादन प्लान्टमा आपूर्तिका लागि जलाशय क्षेत्र १८ किमी लम्बाइमा तनहुँ जिल्लाका व्यास र भिमाद नगरपालिका तथा रिसिङ र म्याग्दे गाउँपालिकासम्म फैलन्छ । परियोजना क्षेत्रमा दुई स्थायी र प्रमुख पहुँच सडक र केही अस्थायी र सहायक पहुँच सडकहरु निर्माण हुनेछन् । परियोजनाका विभिन्न पक्षका मुख्य विशेषताहरु यसप्रकार छन्:

- जलाशय क्षेत्र : ७.२६ वर्ग किमी, जलाशयको लम्बाई १८ किमी;
- उच्चतम सञ्चालन क्षमतामा पानीको सतह : ४१५ मिटर;
- न्यूनतम तहमा सञ्चालन : ३७८ मिटर;
- पथान्तर (डाइभर्सन) सुरुङ : नं. १-५५६ एमबी नं. २- ६२२ मिटर;
- बाँध : १४० मिटर उचाइको कंक्रिट ग्र्याभिटी बाँध
- पानी बाहिरिने भिरालो ढलानको प्रकार : ढोकासहितको पानी बाहिरिने रोलर बकेटमा आधारित उर्जा प्रसार
- इन्टेक (प्रवेशद्वार): एकल टावरखालको इन्टेक
- शिरभाग (हेटरेस) सुरुङ : १,१६२ मिटर
- अन्तिम भाग (टेलरेस) सुरुङ : ११७ मिटर, र
- विद्युत् गृह : भूमिगत (जमिनमुनी)

३. परियोजनाको ग्रामीण विद्युतीकरण भाग अन्तर्गत २२० किलोभोल्ट (केभी) को डबल सर्किट प्रसारणलाइन निर्माण गरी उत्पादित विद्युत् भरतपुर सबस्टेशनसम्म पुऱ्याइनेछ । यस प्रसारणलाइन करिडोरको लम्बाइ ३४ किमी रहेको छ । यो पाटोले तनहुँ जिल्लाका घरधुरीहरुलाई समेत लाभ पुऱ्याउँछ ।

४. परियोजनामा एसियाली विकास बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग संस्था तथा युरोपेली लगानी बैंकको सहलगानी रहेको छ । एडीबीको ऋण प्याकेज १ (हेडवर्क्स), प्याकेज ३ (२२० केभी प्रसारणलाइन) र ग्रामीण विद्युतीकरण कार्यक्रममा प्रयोग हुन्छ । त्यस्तै, युरोपेली लगानी बैंकको ऋण सहयोग प्याकेज १ (हेडवर्क्स) र जापान अन्तर्राष्ट्रिय सहयोग संस्थाको ऋण प्याकेज २ (

जलमार्ग, विद्युत्गृह तथा यससँग सम्बन्धित उपकरण) मा प्रयोग हुन्छ । नेपाल विद्युत् प्राधिकरणले परियोजनाको अन्य खर्च व्यहोर्छ ।

५. यो परियोजना १० फागुन २०६९ (२१ फ्रेबुअरी २०१३) मा स्वीकृत भएको हो । यसको सुरक्षण वर्गीकरणमा 'ए' अनैच्छिक पुनर्वास, वातावरण र आदिवासी जनजातिहरु छन् । निम्न तालिकाले परियोजनाका लागि सुरक्षासँग सम्बन्धित दस्तावेजको रुपरेखा प्रस्तुत गर्दछ ।

तलिका १: सुरक्षा/संरक्षण वर्गीकरण र सम्बन्धित दस्तावेज

| | |
|---|---|
| **वातावरण : ए**<br>तनहुँ (माथिल्लो सेती) जलविद्युत् परियोजना<br>माथिल्लो सेती (दमौली) - भरतपुर २२० केभी प्रसारणलाइन परियोजना<br>ग्रामीण विकास समितिको ग्रामीण विद्युतीकरण | वातावरणीय प्रभाव मूल्यांकनः अगस्ट, २००९[1]<br>प्रारम्भिक वातावरणीय जाँचः जुन २०१०[2]<br>प्रारम्भिक वातावरणीय जाँचः अगस्ट २०१२[3]<br>अद्यावधिक वातावरणीय परिशिष्टः डिसेम्बर २०१२[4] (यो प्रतिवेदन तनहुँ-माथिल्लो सेती जलविद्युत् परियोजना र माथिल्लो सेती (दमौली)-भरतपुर २२० केभी प्रसारणलाइन परियोजनामा लागू हुन्छ ।) |
| **अनैच्छिक पुनर्वास : ए**<br>आरएफ - सम्पूर्ण परियोजनाका लागि<br>आरपी- तनहुँ-माथिल्लो सेती जलविद्युत् परियोजनाका लागि मात्र, प्रसारणलाइनका लागि छुट्टै | पुनर्वास ढाँचा[5] : अक्टोबर २०१२<br>संयुक्त पुनर्वास योजना र आदिवासी जनजातिसम्बन्धि योजना[6] : डिसेम्बर २०१२<br>संयुक्त पुनर्वास योजना र आदिवासी जनजाति सम्बन्धि योजना[7] : नोभेम्बर २०१८ |
| **आदिवासी जनजाति : ए**<br>आइपीपीएफ : सम्पूर्ण परियोजनाका लागि | आदिवासी जनजाति सम्बन्धि योजना ढाँचा/आदिवासी जनजाति सम्बन्धि विकास ढाँचा[8] : अक्टोबर २०१२ |

आइपीपीएफ- आदिवासी जनजातिसम्बन्धि योजना ढाँचा, केभी- किलोभोल्ट, आरएफ - पुनर्वास ढाँचा, आरपी - पुनर्वास योजना/ *स्रोतः एडीबी*

६. नोभेम्बर २०१८ मा तयार पारिएको अद्यावधिक आदिवासी जनजातिको पुनर्वास योजना[9] अनुसार, बाँध निर्माण र डुबान क्षेत्रसमेतबाट प्रभावित घरपरिवारको सामाजिक-आर्थिक सर्वेक्षणले ५४७ घरपरिवारका ३,९१९ जना व्यक्ति प्रभावित हुने पुष्टी गरेको छ । सर्वेक्षण गरिएका ४७५ घरहरुमध्ये ३९६ घरहरु जोखिमयुक्त भने ३४६ प्रभावित घरपरिवार जनजाति अर्थात् प्रभावित आदिवासी जनजाति घरपरिवार हुन् । जोखिममा रहेकामध्ये ८७ प्रतिशत प्रभावित आदिवासी जनजाति घरपरिवार हुन् ।

---

[1]https://www.adb.org/sites/default/files/project-document/73424/43281-013-nep-eia.pdf
[2]https://www.adb.org/projects/documents/tanahu-hydropower-project-upper-seti-damauli-bharatpur-transmission-line-project-iee
[3]https://www.adb.org/projects/documents/tanahu-hydropower-project-rural-electrification-village-development-committees-iee
[4]https://www.adb.org/sites/default/files/project-document/73424/43281-013-nep-eia-addendum.pdf.
[5]https://www.adb.org/projects/documents/tanahu-hydropower-project-rf
[6]https://www.adb.org/projects/documents/tanahu-hydropower-project-remdp
[7]https://www.adb.org/sites/default/files/project-documents/43281/43281-013-remdp-en.pdf
[8]https://www.adb.org/projects/documents/tanahu-hydropower-project-ippf
[9]https://www.adb.org/sites/default/files/project-documents/43281/43281-013-remdp-en.pdf

७.    **निम्न तालिकाले परियोजनाको लगानी स्रोत प्रस्तुत गर्दछ।**[१०]

तालिका २: परियोजनाको वित्तिय व्यवस्थापन योजना

| **स्रोत** | **परिमाण (१० लाख अमेरिकी डलर)** | **कुलमध्येको हिस्सा (प्रतिशत)** |
|---|---|---|
| एसियाली विकास बैंक | १५० | ३० |
| एसियाली विकास बैंक (नियमित आवधिक ऋण)<br>एसियाली विका कोष (कठोर शर्तको ऋण) | १२०<br>३० | २४<br>६ |
| आवुधाबी फण्ड फर डेभलपमेन्ट | ३० | ६ |
| युरोपेली लगानी बैंक | ८५ | १७ |
| जापान अन्तर्राष्ट्रिय सहयोग संस्था | १८४ | ३६ |
| सरकार र/अथवा नेपाल विद्युत् प्राधिकरण | ८६ | १७ |
| **कुल** | **५०५** | **१००** |

## ख) गुनासो

८.    परियोजना प्रभावित ३२ जनाको समूह, ३१ आदिवासी जनजाति घरपरिवार र ६ जनाको समूहले आदिवासी जनजातिको जग्गामा सामूहिक स्वामित्वको प्रतिनिधित्व गर्दै 'प्रत्यक्ष डुबान प्रभावित सामूहिक अधिकार संरक्षण समिति' (गुनासोकर्ता) गठन गरेका छन्। जसलाई आदिवासी महिला कानुनी सचेतना समूह र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय सञ्जालले समर्थन गर्दै एडीबीमा गुनासो पेश (अनुसूची १) गरेका छन्। उक्त गुनासो, विशेष परियोजना सहजकर्ताको कार्यालयले २९ माघ २०७६ (१२ फ्रेब्रुअरी २०२०) मा प्राप्त गरेको हो र यसमा एडीबीको उत्तरदायित्व संयन्त्र नीति[११] अनुसार समस्या समाधानका लागि अनुरोध गरिएको छ।

९.    गुनासोमा जग्गा अधिग्रहण तथा मूल्यांकनका नकारात्मक असरहरु, सूचना प्रवाहका सम्बन्धमा चासो, सारभूत परामर्श र सहभागिता, पुर्ख्यौली जमिनका साथै प्राकृतिक स्रोत र जनजीविका, सांस्कृतिक सम्पदा र परम्परागत अभ्यास (किनकी मगर आदिवासी जनजाति समुदाय हुन्) मा नकारात्मक प्रभाव परेको आरोप छ। उनीहरुले लगाएका आरोपलाई पर्याप्त रुपमा ध्यान दिइएको थिएन। उनीहरुले सामाजिक-आर्थिक सर्वेक्षणका लागि आफूलाई जानकारी नभएको र छलफल पनि नभएको गुनासो गरेका छन् (अनुच्छेद ६)। गुनासोकर्ताहरुले निम्न समस्याहरु समाधानका लागि आग्रह गरेका छन् :

क) परियोजनाको हरेक चरणम आदिवासी जनजाति समुदायको स्वतन्त्र, अग्रिम र सूचित सहमति कार्यान्वयन गरियोस् र अत्यावश्यक संयन्त्र खडा गरी त्यस संयन्त्रमा हाम्रो प्रतिनिधित्व रहनुपर्छ।

ख) प्रभावित समुदायले बुझ्ने भाषामा परियोजनाका सम्बन्धमा सबै सूचनाहरु निरन्तर प्रदान गरियोस्, यसका लागि स्थानीय दोभाषे/अनुवादक भर्ना गरियोस्।

[10] https://www.adb.org/projects/45007-004/main#project-pds
[11] http://www.adb.org/site/accountability-mechanism/problem-solving-function/problem-solving-process

ग) वातावरणीय प्रभाव मूल्यांकनले हाम्रो जीविकामा पार्ने प्रभावलाई राम्रोसँग समेटोस् । अहिले मस्यौदा भएजस्तै, वातावरणीय प्रभाव मूल्यांकनले परियोजनाले हामी आदिवासी जनजातिलाई पार्ने प्रभावका सम्बन्धमा राम्ररी समावेश भएको छैन । अन्य केही विषयहरु पुनः सम्बोधन होस्, स्पष्ट गरियोस् र हाम्रो समुदाय समेतको सहभागितामा सम्बोधन होस् । जसमा,

– हाम्रो चरन क्षेत्रमा प्रभाव

– जंगलबाट प्राप्त हुने पशुआहार (घाँस), दाउरा, जडिबुटी तथा सागपातमा प्रभाव

ग) दाहसंस्कार स्थल, विश्राम गृह, मन्दिरको क्षतिले पर्ने सामाजिक-सांस्कृतिक प्रभाव तथा पानीको स्रोतका सम्बन्धमा हाम्रो समुदायका सहभागितासहित सम्बोधन गरियोस् । (पल्त्याङ निवासीहरुले डुबान क्षेत्रका ६ ठाउँमा दाहसंस्कार स्थलका रुपमा प्रयोग गर्दै आएका छन्)

घ) हाम्रो खेतीगर्ने जमिन, चरन क्षेत्र संरक्षण गरियोस् वा प्रभावित समुदायको कृषि र पशुपालनमा आधारित जनजीविकामा असर न्यूनीकरण गरियोस् ।

ङ) स्थानीय परामर्श मञ्चमा हाम्रो समुदाय (समिति)को सशक्त प्रतिनिधित्व कार्यान्वयन गरियोस् ।

च) विस्तृत नापीका क्रममा छुटेको जमिनको पुनः नापी गरियोस् । नापीमा प्रयोग गरिने विधि हामीसँगको परामर्शका तय गरी लागू गरियोस् ।

छ) प्रभावित घरपरिवारलाई निःशुल्क विद्युत् वितरण र तनहुँ जलविद्युत् आयोजनाको निःशुल्क सेयरका साथै एक घर, एक रोजगारी सुनिश्चित गरियोस् ।

ज) आदिवासी जनजातिको प्रतिनिधिमूलक संगठनहरुलाई (नेपाल मगर संघ, तनहुँ ; नेपाल आदिवासी जनजाति महासंघ, तनहुँ) सँग परियोजनाको सम्बन्धमा परामर्शका लागि सहभागी गराइयोस् । र,

झ) प्रभावित घरपरिवारलाई समान खालको जमिन तथा समान प्रकारको घरका लागि समान क्षतिपूर्तिले सम्बोधन गरियोस् ।

१०. परियोजनाको सहलगानीकर्ता युरोपेली लगानी बैंकको गुनासो संयन्त्रमा पनि समान प्रकारको शिकाय पेश गरिएको छ ।

## ग) योग्यताको निर्धारण

११. यस खण्डले गुनासोको संक्षिप्त इतिहास प्रस्तुत गर्दछ । यो समुदायबाट समान प्रकारका विषयहरुमा ७ भदौ २०७५ (२३ अगस्ट, २०१८) मा विशेष परियोजना सहजकर्ताको कार्यालयमा पेश भएको थियो । योग्यता निर्धारणको एक अङ्गका रुपमा उक्त गुनासो ग्रहण गरेसँगै, विशेष परियोजना सहजकर्ताको कार्यालयले एडीबी परियोजना समूहसँग टेलिकन्फ्रेन्समार्फत् यी विषयका सम्बन्धमा थप जानकारी लिएको थियो । टेलिकन्फ्रेन्समा तनहुँ जलविद्युत् लिमिटेडका सम्बन्धमा गुनासो पेश भएकाले उनीहरुका मुद्दा समाधानका लागि समानान्तर रुपमा काम गर्नुपर्नेमा जोड

दिइएको थियो । परियोजना विशेष सहजकर्ताको कार्यालयले तथ्य पत्ता लगाउने कार्यदल स्थलगतरुपमा खटाएर गुनासोकर्ता र तनहुँ जलविद्युत् लिमिटेड दुवैतर्फका मुद्दाहरु साथै वार्ताको माध्यमबाट समस्या समाधान गर्ने उनीहरुको तत्परता राम्रोसँग बुझ्ने निर्णय गर्‍यो । सरोकारवालाहरुले विशेष परियोजना सहजकर्ताको कार्यालयलाई वर्षायाममा परियोजनास्थलमा मनसुनको समयमा यात्रा गर्न कठिनाइ हुनेभन्दै अक्टोबर महिनासम्म कार्यदल पठाउने विषय थाती राख्न सल्लाह दिए । यसरी गुनासोको योग्यता निर्धारण केही समय थाती रह्यो र तथ्य-संकलन कार्यदल १ देखि ५ अक्टोबर, २०१८ सम्म स्थलगत अध्ययनका लागि खटियो । उक्त कार्यदलले गुनासोकर्ता लक्षित समूहसँग छलफल र तनहुँ जलविद्युत् लिमिटेडसँग समस्या समाधान कार्यको तत्परताका सम्बन्धमा जानकारी लियो । छलफलका क्रममा गुनासोकर्ता र तनहुँ जलविद्युत् लिमिटेड दुवै आफैं समस्या समाधानका लागि सहमत भए । एडीबीको दक्षिण एसिया विभागको परियोजना समूह र विशेष परियोजना सहजकर्ताको कार्यालय संयुक्त रुपमा गुनासोमा उठेका मुद्दाहरुलाई कसरी समाधान गर्ने भन्ने सम्बन्धमा चाल्नुपर्ने कदमहरुको विवरण तयार गरे । यो विकासक्रमले दुवैतर्फका सरोकारवालाहरुको प्रतिवद्धतालाई दर्शायो र विशेष परियोजना सहजकर्ताको कार्यालयले गुनासो अयोग्य घोषणा गर्‍यो र गुनासोकर्तालाई तिनीहरुको समस्या समाधान नभएमा विशेष परियोजना सहजकर्ताको कार्यालयसँग पुनःआवद्ध हुन सूचित गर्‍यो ।

१२. २९ माघ २०७६ (१२ फ्रेब्रुअरी २०२०) मा विशेष परियोजना सहजकर्ताको कार्यालयले ३२ हस्ताक्षरकर्ताको प्रतिनिधित्वसहितको 'प्रत्यक्ष डुबान प्रभावित व्यक्तिहरुको सामूहिक अधिकार संरक्षण समिति' बाट गुनासो प्राप्त गर्‍यो । गुनासोको योग्यता निर्धारणका लागि, विशेष परियोजना सहजकर्ताको कार्यालयले परियोजना दस्तावेजहरुको आधारमा कार्यालयमै बसेर समीक्षा गर्‍यो । यससँगै गुनासोकर्ता, गैर सरकारी संस्थाका प्रतिनिधिहरु, एडीबी नेपाल आवासीय नियोगका परियोजना समूह, दक्षिण एसिया विभाग, तनहुँ जलविद्युत् लिमिटेडसँग टेलिकन्फ्रेन्समार्फत् सन् २०१८ अगस्टमा पेश भएको गुनासोमा उठाइएका मुद्दाहरुको सम्बोधनमा भएको प्रगतिका सम्बन्धमा जानकारी लियो । गुनासोकर्ता र तनहुँ जलविद्युत् लिमिटेड दुवै पक्षलाई मान्य हुने समाधानमा पुग्न नसकेको र दुवैले विशेष परियोजना सहजकर्ता कार्यालयको सहजीकरणबाट समाधान खोज्न तत्पर भएको निश्चित भयो । यो आधारमा, गुनासोका समस्या समाधानका लागि योग्य ठहर्‍याई विशेष परियोजना सहजर्ता कार्यालयका कर्मचारी र स्थानीय परामर्शदाता समेत सकेसम्म छिटो परिचालन गर्दा गुनासोकर्ता र तनहुँ जलविद्युत् लिमिटेडसँग परामर्श सुरु गर्न सकियोस् । उक्त गुनासो विशेष परियोजना सहजकर्ता कार्यालयको मापदण्डअनुसार योग्य ठहर्‍याइ २० फ्रेबुअरी, २०२० मा समस्या समाधानका लागि योग्य भएको घोषणा गरिएको थियो ।

## २. समीक्षा र मूल्यांकन

### क) समीक्षा र मूल्यांकनका उद्देश्य

१३. पहिलो चरणको समीक्षा र मूल्यांकनको काम विशेष परियोजना सहजकर्ताको कार्यालयको समूहले नेपालमा २७ फ्रेबुअरीदेखि ६ मार्च २०२० सम्म गरेको थियो । विशेष परियोजना सहजकर्ताको कार्यालयको समूहले सरोकारवालासँगको छलफल र स्थलगत अध्ययन शुरु गर्नुअघि नै स्थानीय मध्यस्थता सहजकर्ता औपचारिक रुपमा आवद्ध भैसकेका थिए । समीक्षा र मूल्यांकनका मुख्य उद्देश्य निम्न छन्, १) गुनासोको इतिहास खोजी गर्ने र मुद्दाहरुलाई राम्रोसँग बुझ्ने, २) मुख्य

सरोकारवाला निश्चित गरी उनीहरुसँग र उनीहरको बीचमा आवश्यकता अनुसार संवाद गर्ने, ३) दृष्टिकोण नक्सांकन गरी संयुक्त रुपमा समस्या समाधानका लागि सरोकारवालको तत्परता खोजी गर्ने, ४) नयाँ चरण र सहमत कार्यसूची सिफारिश गर्ने ।

समीक्षा र मूल्यांकन प्रतिवेदनको मस्यौदा मुख्य सरोकारवालहरुलाई उपलब्ध गराइएको थियो । यो अन्तिम समीक्षा र मूल्यांकन प्रतिवेदनले सरोकारवालाहरुको टिप्पणीलाई समावेश गरेको वा कम्तीमा पनि जानकारीमा लिएको छ ।

**ख) सरोकारवालाको पहिचान**

**१. गुनासो**

१४. औपचारिक गुनासोपत्रमा हस्ताक्षर गर्ने ३२ हस्ताक्षरकर्ता प्रभावितहरु रिसिङ पल्त्याङ समुदायबाट हुन् र उनीहरुले 'प्रत्यक्ष डुबान पिडित सामुहिक पूर्णअधिकार संरक्षण समिति' लाई प्रतिनिधित्व गर्छन् । गुनासोकर्ताहरुले विशेष परियोजनाकर्ता सहमत भएअनुसार उनीहरुलाई प्रभावित आदिवासी जनजातिका–रुपमा उल्लेख गर्न अनुरोध गरेका छन् ।

१५. **प्रतिनिधित्व :** विशेष परियोजना सहजकर्ता कार्यालयलाई पठाएको पत्रमा, गुनासोकर्ताले दुई गैर सरकारी संस्था (एनजीओ) को सहयोगमा गुनासो पत्र तयार पारिएको उल्लेख गरेका छन् । इण्डिजिनियस वुमन्स लिगल अवेरनेस ग्रुप (इन्वोल्याग) र कम्युनिटी इम्पावरमेन्ट एण्ड सोसल जस्टिस नेटवर्क (सेम्सोज) ले एडीबी र अन्तर्राष्ट्रिय जवाफदेहीता परियोजनामा एनजीओ फोरमको सहयोगमा गुनासो पेश गरेको हो ।

१६. गोपनीयता, गुनासोकर्ताले गुनासोपत्रमा कुनै पनि गोपनीयताको लागि अनुरोध गरेका छैनन् ।

**२. गुनासोकर्ताका सल्लाहकार**

१७. आदिवासी महिला कानुनी सचेतना समूह र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय सञ्जाल गुनासोकर्ताका सल्लाहकारका रुपमा विशेष परियोजना सहजकर्ताको कार्यालयले गरेको समीक्षा तथा मूल्यांकन सम्बन्धित केही बैठकहरुमा सभागी भएका थिए र कार्यदलको स्थलगत भ्रमणमा पनि थिए । सल्लाहकारहरुले गुनासोकर्ताका लागि निर्णय नगर्ने तर भएका प्रगतिका सम्बन्धमा उनीहरुलाई जानकारी दिने र सूचित गर्ने गुनासोकर्ताले उल्लेख गरेका छन् ।

**३. सरकारी निकाय**

१८. निर्णयमा संलग्न सरकारी निकायहरु १) निगरानी निकायः सञ्चालक समिति सचिव, उर्जा मन्त्रालय (अध्यक्ष), सहसचिव, अर्थमन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र तनहुँ जलविद्युत् लिमिटेडका प्रबन्ध निर्देशक, महाप्रबन्धक (इन्जिनियरिङ सेवा, ग्रीड विकास, वितरण तथा जनसेवा), नेपाल विद्युत् प्राधिकरण (सदस्यहरु), २) कार्यसम्पादन निकाय : तनहुँ जलविद्युत् लिमिटेड र नेपाल विद्युत् प्राधिकरण, र ३) कार्यान्वयन निकायः तनहुँ जलविद्युत् लिमिटेड र नेपाल विद्युत् प्राधिकरण । तनहुँ जलविद्युत् लिमिटेडलाई परियोजना कार्यान्वयन र सुरुवाती वर्षहरुमा सञ्चालनका लागि परियोजना

सहायता परामर्शदाताले सहयोग गरेको छ । सन् २०१९ मे महिनादेखि तनहुँ जलविद्युत् लिमिटेडलाई वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकले थप सहयोग गरेको छ ।[१२]

वातावरणीय र सामजिक सुरक्षाका सम्बन्धमा आवश्यक उपचारका लागि विज्ञहरुको समूह सन् २०१८ को डिसेम्बर महिनामा नै भर्ना गरिएको थियो । यसका अतिरिक्त, नोभेम्बर २०१७ मा एक स्थानीय गैर सरकारी संस्थाले सरकार र तनहुँ जलविद्युत् लिमिटेडलाई जग्गा अधिग्रहणमा र पुनर्वास योजनामा क्षतिपूर्ति प्याकेजलाई जाँचपरख गर्न सहयोग गरेको थियो । सामाजिक र वातावरण अनुगमन विज्ञहरु भर्ना गर्ने काम भने प्रक्रियामै छ ।

### ४. एडीबीको दक्षिण एसिया विभाग र नेपाल आवासीय नियोग

१९. एडीबीको दक्षिण एसिया विभाग र आवासीय नियोग/क्षेत्र विभाग परियोजना प्रशासनका लागि जिम्मेवार छन् । मुख्यालयमा कार्यरत परियोजना अधिकृतले आफ्नो समूहको सहयोगमा परियोजना कार्यान्वयन र प्रशासनका साथै तनहुँ जलविद्युत् लिमिटेडलाई आवधिक रुपमा सल्लाह र मार्गदर्शन प्रदान गर्छ ।

### ग) विधि

२०. विशेष परियोजना सहजकर्ताको कार्यालयबाट २७ फ्रेब्रुअरी २०२० देखि ६ मार्च २०२० सम्म पहिलो चरणमा भएको समीक्षा र मूल्यांकन कार्यदलले निम्न विषय समावेश गऱ्यो: १) परियोजनासँग सम्बन्धित कागजातको समीक्षा २) गुनासोकर्ता र तिनका रिसिङ पल्त्याङ र काठमाडौंका गैर सरकारी संस्थाका सल्लाहका एक-एक जना र समूहमा अन्तर्वार्ता, ३) परियोजनाको स्थलगत भ्रमण[१३] ४) उर्जा मन्त्रालय तथा तनहुँ जलविद्युत् लिमिटेड, काठमाडौंसँग प्रारम्भिक छलफल ५) एडीबी आवासीय नियोगका परियोजना टोलीसँग काठमाडौंमा छलफल

२१. कोभिड-१९ को स्वास्थ्य संकट तथा विश्व्यापीरुपमा लगाइएको यात्रा प्रतिबन्धका कारण, विशेष परियोजना सहजकर्ताको कार्यालय नेपाल फर्केर मध्य मार्च महिनमा तय गरिएको बाँकी रहेका सरोकारवालाहरुसँग छलफल/परामर्श थाती नै रहेको छ । यस्तो परामर्श अघिल्लो महिनाको अवस्था हेरेर गरिने निगरानी र निकट भविष्यमा पनि संकट जारी नै रहने र यात्रामा प्रतिबन्ध कायमै रहने अनुमान गर्न सकिन्छ । परियोजना सहजकर्ता कार्यालयको टोलीले युरोपेली लगानी बैंक, गुनासो संयन्त्रसँग अनुकुल समाधान प्रक्रियाका उत्तम सम्भाव्य उपायहरुका सम्बन्धमा छलफल गर्नका लागि छलफल गरेको थियो । बाँकी छलफलका लागि भर्चुअल संवाद गर्ने तय भएको थियो । यो छलफल विज्ञहरुको समूह, परियोजना सुपरिवेक्षण परामर्शदाता (ल्याहामर इन्टरनेशलन), वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायक इलेक्ट्रो कन्सल्ट्याण्ट, क्षतिपूर्ति जाँच सम्बन्धि परामर्शदाता ( ग्रामीण सशक्तिकरण समाज, दमौली तनहुँ, नेपाल), बाह्य सामाजिक अनुगमनकर्ता तथा बाह्य वातावरणीय अनुगमनकर्ता[१४] सँग छुट्टाछुट्टै (एक्लाएक्लै) गर्ने तय भएको थियो । उल्लेखित सरोकारवालासँग प्रारम्भिक छलफल मे को अन्त्यतिर र जुन, २०२० को प्रारम्भमा भएको थियो र परियोजना विशेष सहजकर्ताको कार्यालयले उनीहरुसँग समस्या

---

[12] In September 2019, the ESMSP issued its inception report.
[13] Rising Patan, Sankhad, Bandar Kuna, Phedi Khola, Bandar Kuna Dalit Basti (Dalit Community).
[14] The recruitment of the External Social Monitor and External Environment Monitor is in the process and OSPF consulted with the confirmed candidates for these positions.

समाधान प्रक्रियामा आवश्यकता अनुसार निरन्तर सम्पर्कमा रहनेछ । समीक्षा र मूल्यांकनसम्बन्धि परामर्शका क्रममा भेट भएका सरोकारवालाहरुको सूची अनुसूची ३ मा समावेश छ ।

**घ) मूल्यांकनमा मुद्दाहरु**

२२. गुनासोकर्ता र तिनीहरुका प्रतिनिधिले जमिन तथा सम्पत्तिको नाप र मूल्यांनमा असन्तुष्टी जनाए । उनीहरु के दाबी गर्छन् भने मुआब्जा निर्धारण अन्यायपूर्ण भयो, सार्थक परामर्श पनि हुन सकेन र नयाँ जमिन खरिद गर्नका लागि क्षतिपूर्ति अपर्याप्त भयो । केही प्रभावितहरुको सन्दर्भमा कसैको प्रभावित हुने भएपनि पुरै जमिनको क्षतिपूर्ति नपाउने र कसैको आंशिक क्षतिपूर्ति पाउनेगरी नापी र मुआब्जा प्रक्रिया अघि बढाइयो । साथै, प्रभावित आदिवासी जनजातिले स्वामित्वसम्बन्धि कागजात नभएका प्लटहरु पनि उनीहरुका पुस्तौंदेखि भोगचलन हुँदै आएकोमा त्यसको मूल्यांकन गरिनुपर्ने उल्लेख गरेका छन् । गुनासोकर्ताहरुले मूआब्जा निर्धारण कसरी गरिएको हो भन्ने विधि र मूल्यांकन प्रक्रियाका सम्बन्धमा प्रभावित व्यक्तिहरुलाई थोरै पनि जानकारी नदिएको बताएका छन् । जब परियोजना विशेष सहजकर्ताको कार्यालयले उर्जा मन्त्रालय र तनहुँ जलविद्युत् लिमिटेडसँग छलफल गर्‍यो, उनीहरुले जिल्ला प्रशासन कार्यालयले अध्यक्षता गर्ने मुआब्जा निर्धारण समितिले गर्ने मुआब्जा निर्धारण कठिन प्रक्रिया भएको बताए । साथै उनीहरुले परियोजना अधिकारीले जग्गा अधिग्रहण ऐन, २०३४ अनुसार प्रक्रिया पालना गरेको थप स्पष्ट पारे । यद्यपि, उनीहरुले के भने भने यदि प्रभावित घरपरिवारहरु छुट्टै ठाउँमा जग्गा खरिद गरी उनीहरुको समुदाय विकास गर्न चाहान्छन् भने तनहुँ जलविद्युत् लिमिटेडले उक्त समुदायसम्म सडक, विद्युत्, खानेपानी, स्वास्थ्यचौकी जस्ता पूर्वाधार विकास गर्न सहयोग गर्न सक्छ । तनहुँ जलविद्युत् लिमिटेडले यो विकल्प शिकायकर्ताका सामु पेश गर्दा उनीहरुका लागि स्वीकार्य नहुने कुरा दोहोर्‍याए । प्रभावित आदिवासी जनजातिले जमिनको सट्टा जमिन या अन्य कुनै समाधान तनहुँ जलविद्युत्मा निहीत रहेको भन्दै त्यी विकल्पहरुको खोजी गर्न आवश्यक स्रोत आफूसँग नभएकोमा ध्यान दिन आग्रह गरेका छन् । प्रभावित घरपरिवारले नभएर परियोजना आफैंले यसका प्रतिकूल प्रभावलाई सम्बोधन गर्नुपर्ने उनीहरुको भनाइ छ ।

२३. परियोजना सुपरिवेक्षण परामर्शदाताको टोलीबाट र विज्ञहरुको समूहबाट सामाजिक मामिला विज्ञसँगको परामर्शपछि ८० प्रतिशत प्रभावित घरपरिवारलाई क्षतिपूर्ति व्यवस्थापनमा सफल भएको पुष्टी भयो । उनीहरुले यो समूहको चासोका सम्बन्धमा जानकार रहेको र तनहुँ जलविद्युत् लिमिटेडले उनीहरुका मुद्दाहरु समाधानका लागि संवाद प्रक्रियामा सहभागी भएको बताए ।

जुलाइदेखि डिसेम्बर, २०१९ को वातावरणीय र सामाजिक सुरक्षा अनुगमन प्रतिवेदनले भनेको छ, *'प्रभावित कुल ५७४ घरपरिवारमध्ये, ५०१ घरपरिवारले क्षतिपूर्ति चित्त बुझाएर, सफलता दर ९१.६० प्रतिशत रह्यो । यसैगरी, ८० प्रतिशत विस्थापित घरपरिवार (एउटा गाइगोठलाई छाडेर) सबैलाई क्षतिपूर्ति दिइयो । आजको दिनसम्म वितरण गरिएको कुल क्षतिपूर्ति (मुआब्जा) रकम ( भौतिक रुपमा विस्थापित हुन गइरहेका समेत) गरेर १,२१७,८०८,१०७.८५ रुपैयाँ अर्थात् १ करोड ८ लाख अमेरिकी डलर बराबरको रकम वितरण गरिएको छ ।*

स्थानीय समुदायमा आधारित गैरसरकारी संस्था, ग्रामीण सशक्तिकरण समाजलाई तनहुँ जलविद्युत् लिमिटेडले सहमत प्रक्रिया अनुसार पुनर्वास योजनामा प्रभावित घरपरिवारले प्राप्त गर्नुपर्ने क्षतिपूर्ति

र सुविधामा हक सम्बन्धि जाँच गर्नका लागि आवद्ध गरेको थियो । ग्रामीण सशक्तिकरण समाजका प्रतिनिधिहरुसँगको छलफलमा क्षतिपूति पर्याप्त भएको निश्चय गरिएको थियो, अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना अनुसार, विशेष परियोजना सहजकर्ता कार्यालयले अहिलेसम्म मूल्यांकन प्रक्रिया र क्षतिपूर्ति यथोचित थिए र त्यसबाट प्रतिस्थापनको लागत पर्याप्त भयो कि भएन भन्ने अहिलेसम्म स्थापित गर्न सकेको छैन । गुनासोकर्ताहरुले आफूहरु ग्रामीण सशक्तिकरण समाजसँग परिचित नभएको जानकारी गराउँदै विशेष परियोजना सहजकर्ता कार्यालयलाई समस्या समाधान प्रक्रियामा क्षतिपूर्ति स्वीकार गरेका घरपरिवारको अन्तर्वार्ता समावेश गरी उनीहरुलाई कसरी क्षतिपूर्ति स्वीकार गर्न बाध्य पारिएको थियो भन्ने सम्बन्धमा स्पष्ट पार्न दिनुपर्ने प्रस्ताव गरेका छन् । अन्तर्वार्ता अर्को चरणको समस्या समाधान प्रक्रियामा (यात्रा प्रतिबन्ध खुकुलो भएपछि) सञ्चालन गरिनेछ ।

२४. गुनासोकर्ताले उनीहरुसँग शुरुमा परामर्श नभएको आरोप लगाउनुका साथै तिनीहरुको जातीय भाषा (मगर)मा सूचना प्रवाह नभएको भनेका छन् । पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजनाको मस्यौदा, २०१२ तथा अद्यावधि पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना, २०१८ मा कागजातहरु नेपाली भाषामा उपलब्ध गराइने उल्लेख छ । विज्ञ समूहको पहिलो प्रतिवेदन (डिसेम्बर २०१८) ले सार्वजनिक जानकारी सम्बन्धि पुस्तिकामा परियोजनाको सारांश प्रस्तु गरिएको र जग्गा अधिग्रहण तथा अनैच्छिक पुनर्वासका साथै 'अद्यावधिक पुनर्वास तथा आदिवासी जनजाति सम्बन्धि योजना' नेपालीमा उपलब्ध भएको उल्लेख गरेको छ । यद्यपि, गुनासोकर्ताहले प्रभावित आदिवासी जनजातिहरुका लागि यस्ता सूचनामा सहज पहुँच नभएको भन्दै निराशा व्यक्त गरेका छन् । गुनासोकर्ताले जातीय भाषामा जानकारी नभएको भन्ने सम्बन्धमा देखाएको चासोका सम्बन्धमा भने विशेष परियोजना सहजकर्ताको कार्यालयलाई जानकारी गराइए अनुसार समुदाय, विशेष परियोजना सहजकर्ता कार्यालय र दक्षिण एसिया विभागबीच परियोजनाको कार्यायोजना तयार गर्ने क्रममा सन् २०१८ अक्टोबर महिनामा समुदायले अनुवादक सिफारिश गर्ने सहमति भएको थियो । यद्यपि, जब तनहुँ जलविद्युत् लिमिटेडले जब उनलाई सम्पर्क गरी अनुवादका लागि कागजात उपलब्ध गरायो, अनुवादकले अनुवाद उपलब्ध गराउन सकेनन् । तनहुँ जलविद्यत् लिमिटेडका अधिकारीहरुले सन् २०१९ अप्रिलमा परियोजनास्थलका स्थानीयलाई अद्यावधिक पुनर्वास आदिवासी जनजातिसम्बन्धि योजनाको सारांश सहित सामाजिक, सांस्कृतिक र राजनीतिक हक अधिकारसम्बन्धमा बुझाउन स्थानीय अनुवादक खोज्नका लागि निरन्तर पहल गरे । तर गुनासोकर्ताले अनुवादकको बोल्ने उपभाषा गुनासोकर्ताले नबुझ्ने उल्लेख गरे । विशेष परियोजना सहजकर्ताको कार्यालयले सन् २०२० मार्चमा मगर भाषा भित्र पनि तीन थरी उपभाषाहरु भएको थाहा पायो । त्यसपछि विशेष परियोजना सहजकर्ताको कार्यालयले मगर भाषा विज्ञ पहिचान गरी गुनासोकर्ताकै उपभाषामा समस्या समाधान प्रक्रियाभरी अनुवाद र अर्थ बताउने कामको लागि सहयोग लिनेछ । दस्तावेज नेपाली भाषा र प्रभावित आदिवासी जनजातिको उपभाषामा अनुवाद गरिनेछ र बैठक तथा कार्यशालाको क्रममा मगर उपभाषामा मौखिक अनुवाद प्रदान गरिनेछ ।

२५. प्रभावित व्यक्तिहरुले स्वतन्त्र, अग्रिम र सूचित सहमतिको अभावमा पनि तनहुँ जलविद्युत् लिमिटेडसँग आफ्नो सरोकार व्यक्त गर्दै आएको बताइरहेका छन् । तनहुँ जलविद्युत् लिमिटेडले भने परियोजनाको सूत्रपात (आरम्भ)देखि सार्वजनिक संवाद आयोजना गर्दै निम्न सूचनाहरु प्रदान गर्दै आएको जनाएको छ- १) परियोजना र यसको प्रगति, २) एडीबीको सुरक्षा नीति तथा सिद्धान्त,

पुनर्वासको ढाँचा, हकअधिकार, योग्यता, क्षतिपूर्ति मूल्यांकन (प्रतिस्थापनको पूर्ण लागत), गुनासो सम्बोधन संयन्त्र, जग्गा अधिग्रहण तथा पुनर्वास कार्यान्वयन पद्धति, निर्दीष्ट मिति, नेपालको कानुन आदि र ३) जग्गा अधिग्रहण र पुनर्वासको कार्यक्षेत्र । यद्यपि, गुनासोकर्ता र तिनका प्रतिनिधिले उनीहरुलाई प्रत्यक्ष प्रभावित पार्ने परियोजनाको जग्गा अधिग्रहणका सम्बन्धमा पर्याप्त छलफल भएको मान्दैनन् र उनीहरुले यसमा सहमति नदिएको बताउँछन् ।

२६. गुनासोकर्ताले आफूलाई आदिवासी जनजाति मगरको स्वपहिचान दिएका छन् । मङ्गर र मोङ्गर पनि भनिने उनीहरु नेपालमा जातिय भाषा बोल्ने तेश्रो ठूलो समूह हुन्, जसले सन् २०११ को नेपालको जनगणना अनुसार कुल जनसंख्याको ७.१ प्रतिशत हिस्सा ओगट्छन् । आदिवासी जनजातिको विकासका लागि राष्ट्रिय फाउण्डेसन (नेशनल फाउण्डेसन फर डेभलपमेन्ट अफ इण्डिजिनियस नेशनालिटीज्) ले मगर समुदायलाई पिछडिएको आदिवासी जनजाति समूहमा वर्गीकरण गरेको छ । ठूलो संख्यामा मगरहरु पाल्पा, तनहुँ, म्याग्दी, प्यूठान र रोल्पामा बसोबास गर्छन् । मगरहरुको आफ्नै भाषा छ, यो तिब्बती-बर्मन परिवारसँग सम्बन्धित छ र यसमा तीन शाखाहरु छन्- खाम, काइके र मगराती । मगरहरुको आफ्नो छुट्टै संस्कार र संस्कृति छ । धार्मिक संस्कार पनि बाह्र मगरात, अठार मगरात र डोल्पाको केही भिन्न छ ।[१५] प्रभावित आदिवासी जनजातिहरुले बाह्र मगरात, अठार मगरात र डोल्पाको स्थानीय संस्कृति फरक हुने जानकारी गराएका छन् । यी पृथकता (भिन्नता)हरु दस्तावेजमा समावेश गरी गुनासो समाधानको सान्दर्भिकता अर्को चरणको समस्या समाधानका क्रममा मूल्यांकन गरिनेछ ।

२७. अद्यावधिक पुनर्बास तथा आदिवासी जनजाति सम्बन्धि योजना अनुसार, प्रभावित घरपरिवारमध्ये सबैभन्दा ठूलो संख्यामा मगरको प्रतिनिधित्व छ । अद्यावधिक आदिवासी जनजाति सम्बन्धि पुनर्वास योजनामा थप भनिएको छ, *‘प्रभावित घरपरिवारको सामाजिक आर्थिक सर्वेक्षणले परियोजनाका कारण प्रभावित हुने खेतीयोग्य जमिनमध्ये कुनै पनि जनजाति समुदायको पारम्पारिक भूमि र पैतृक क्षेत्र समावेश गरिने छैन भन्ने निश्चय गरिएको छ ।*

*प्रभावित घरपरिवारको सामाजिक आर्थिक सर्वेक्षणले परियोजनाको प्रभाव क्षेत्रमा कुनै पनि पवित्र स्थल, मठमन्दिर या धार्मिक संरचनाहरु र त्यसमा पनि खासगरी आदिवासी जनजाति[१६]हरुले परम्परागत रुपमा पवित्रस्थलका रुपमा मान्दै आएका संरचनाहरु परियोजनाका कारण प्रभावित हुन नहुने निश्चित गरेको छ । यसका अतिरिक्त, मगर संस्कार, कुल परम्परा, आध्यात्मिक क्षेत्र सँग सम्बन्धित कुनै पनि विशिष्ट जंगलको जमिन या पानीको मुहान यसमा सम्बन्धित (जोडिएको) छैन ।’* वातावरण व्यवस्थापन योजनामा शव दाह स्थलमा अवरोध हुने र निर्माणको क्रममा ऐतिहासिक धार्मिक तथा पुरातात्विक स्थलमा असर पर्ने उल्लेख गरिएको छ । निश्चय पनि, गुनासोकर्ताहरुले औंल्याए अनुसार, परियाजनाको सामाजिक र वातावरणीय मूल्यांकनमा आदिवासी जनजातिहरुमाथि पर्ने असरका सम्बन्धमा असंगतिहरु देखिन्छन् । यसका अतिरिक्त, गुनासोकर्ताहरुले उनीहरु २०१७/१ को सर्वेक्षणका बारेमा जानकार नभएको र अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिहरुसम्बन्धि योजनामा समावेश *‘परियोजनाले कानुनी स्वामित्व नभएको परम्परागत र पैतृक सम्पत्तिलाई आफ्नो क्षेत्रभित्र समावेश नगरेका कारण प्रभावित खेतीयोग्य जमिन...’* भन्ने

---

[15] https://www.ncard.org.np/categorydetail/magar.html

[16] The Complainants and their advisers informed that Janajati should be referred to as Aadibasi Janajati.

निष्कर्षमा विमति रहेको उल्लेख गरेका छन् । अनुच्छेद ३३ र अनुसूची ४ मा व्याख्या गरिएको जग्गा मूल्यांकन अध्ययनले यसलाई दस्तावेजमा उल्लेख गरी पुनर्मूल्यांकन गर्नेछ ।

२८. विशेष परियोजना सहजकर्ता कार्यालयसँगको पहिलो चरणको छलफलमा गुनासोकर्ता र तिनका प्रतिनिधिले जग्गाको स्वामित्व नभएपनि संस्कारका लागि प्रयोग भैरहेको, पैतृक सम्पत्ति र धार्मिक स्थलमा पर्ने असरलाई ध्यान नदिएको जस्ता मुद्दाहरु उठाएका थिए । तनहुँ जलविद्युत् लिमिटेडले शुरुवाती छलफलमा सान्दर्भिक राष्ट्रिय नियमहरु तथा एडीबीको संरक्षण नीतिगत दस्तावेज (विधि र व्यवहार), २००९ लाई अनुसरण गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । विज्ञ समूह खासगरी सामाजिक विज्ञ र परियोजना सुपरिवेक्षण परामर्शदाता सामाजिक विज्ञसँगको छलफलमा परियोजना विशेष सहजकर्ता कार्यालयलाई मगर समुदायको सांस्कृतिक स्थलमा पर्ने असरका सम्बन्धमा अन्य समुदायको जस्तो कुनै विशेष विचार गरिएको वा अतिरिक्त मूल्यांकन गरिएको छैन । विशेष परियोजना सहजकर्ता कार्यालय, वातावरणीय र सामाजिक व्स्थापन सेवा प्रदायकका सामाजिक विज्ञसमेत समावेश गरी विज्ञ समूहको पहिलो प्रतिवेदनमा तथ्यांकमा अन्तर देखिन्छ । सूचनाको उपलब्धता खास गाउँमा नभएर पालिकामा मात्र सीमित हुने हुँदा उक्त स्थानको जनसंख्या तथा सामाजिक आर्थिक आधाररेखा सम्बन्धी तथ्यांकमा अन्तर देखिएको हो । खास आदिवासी जनजाति को गाउँमा प्रभुत्व हुने र उनीहरुलाई अन्य प्रभावितभन्दा फरक ढंगको प्रभाव पर्ने पनि बताइएको छ[१७] । विशेष परियोजना सहजकर्ता कार्यालयले उक्त गाउँ २०१७/१८ को अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजनामा आधारित सर्वेक्षणको भाग हो भन्ने पनि स्थापित गर्न सकेको छैन । यसलाई अर्को चरणको समस्या समाधान प्रक्रियामा दस्तावेजमा समावेश गरी थप स्पष्ट गरिनेछ ।

२९. गुनासो समाधान संयन्त्रकै हैसियतको स्थानीय परामर्श मञ्चमार्फत् प्रभावकारी र पद्धतिमा आधारित जवाफ, पृष्ठपोषण, प्रभावितहरुको गुनासो र अन्य सरोकारवालाहरुको चासो सम्बोधन गर्ने योजना बनाइएको थियो । गुनासोकर्ता र गैरसरकारी संस्थाले स्थानीय परामर्श मञ्चमा समुदाय ( समिति) को प्रतिनिधित्व नभएको भन्दै निराशा व्यक्त गरे । विज्ञको समूहले सन् २०१८ डिसेम्बरमा जारी गरेको पहिलो प्रतिवेदन र विशेष परियोजना सहजकर्ता कार्यालय/गुनासो संयन्त्रको परामर्श अनुसार, परामर्शसम्बन्धि गतिविधिहरुमा महिलाहरुको अपर्याप्त सहभागीताको विषयलाई पनि चासोका साथ उल्लेख गरिएको छ । प्रणालीगत सुधार पहिल्याएर गुनासोहरुमा समयमै समाधान गर्दै जाने पनि उल्लेख छ । विशेष परियोजना सुधार कार्यालयले कार्यदलको पहिलो चरणको परामर्श र गुनासोहरुलाई पूर्ण रुपमा समीक्षा गर्न सकेन तर यो विचार गर्नुपर्ने महत्वपूर्ण पक्ष हो ।

३०. अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना तथा वातावरणीय र सामाजिक सुरक्षा अनुगमन प्रतिवेदन (जुलाइ-डिसेम्बर २०१९) अनुसार, चार पालिकामा चार स्थानीय परामर्श मञ्च गठन भएका छन् र हरेक स्थानीय परामर्श मञ्चले प्रभावित घरपरिवारबाट दुई जनालाई समावेश गरेका छन् । अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजनाले परियोजना प्रभावितका दुई समितिका बारेमा उल्लेख गरेको छ- 'जलविद्युत् प्रत्यक्ष प्रभावित क्षेत्र

[17]https://www.adb.org/sites/default/files/project-documents/43281/43281-013-esmr-en.pdf

सरोकार समिति' र 'जलाशय क्षेत्र संरक्षण प्रत्यक्ष सरोकार समिति' । अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजनामा विगतमा दुवै समितिले जग्गाको मुआब्जाको दरका सम्बन्धमा सरोकार राखेको उल्लेख छ । अद्यावधिक पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना अनुसार, दुवै समितिसँग एउटा सहमति भएको थियो । विशेष परियोजना सहजकर्ता कार्यालयले चारमध्ये तीन स्थानीय परामर्श मञ्चका प्रतिनिधिहरुसँग व्यक्तिगत रुपमा परामर्श गरेर मञ्चको संरचना, गठन र कार्यक्षमताबारे बुझेको थियो । प्रतिनिधिहरुले स्थानीय परामर्श मञ्चको सदस्यहरुको छनौट मापदण्ड आदिवासी जनजाति पुनर्वास योजनामा निर्दीष्ट गरिएको प्रक्रियाबाट निर्देशित रहेको बताएका थिए । गाउँलेमध्येबाट दुई प्रभावित व्यक्तिलाई हरेक स्थानीय परामर्श मञ्चमा छनौट गरिएको थियो । रिसिङको स्थानीय परामर्श मञ्चका प्रतिनिधिले वडा नं. ८ (पल्त्याङ गाउँ) का समुदाय सदस्य- एकजना पुरुष प्रतिनिधि विद्यालयबाट र अर्को महिला समुदायको बैठकबाट स्थानीय परामर्श मञ्चमा प्रतिनिधि छनौट गरिएको पुष्टी गरे । जब विशेष परियोजना सहजकर्ता कार्यालयले उनीहरुसँग अन्तर्वार्ता गर्‍यो, तीनै स्थानीय परामर्श मञ्चका प्रतिनिधिहरुले मञ्चको बैठकमा प्रभावितहरुको सहभागिताको पर्याप्तताका सम्बन्धमा फरक-फरक धारणा दृष्टिकोण राखे । गुनासोको सम्बन्धमा तीन ओटै स्थानीय परामर्श मञ्चले करिब ३० देखि ५० गुनासो हरेक स्थानीय परामर्श मञ्चको अभिलेखमा रहेको र यस्ता गुनासो जीविकाका लागि सहयोग, काम/रोजगारी सहयोग, अन्य आय पुनर्स्थापना सम्बन्धमा छन् । भिमाद स्थानीय परामर्श मञ्चका प्रतिनिधिले भने बालीको क्षतिपूर्तिको गलत गणना, रुख, बाली तथा संरचनाहरुको पर्याप्त क्षतिपूर्ति नदिएको जस्ता थप गुनासोहरु समेत प्रस्तुत गरेका थिए । उनले स्थानीय परामर्श मञ्च गठनमा ढिलाइ र यी मञ्चहरु खासगरी प्रभावितहरुलाई क्षतिपूर्ति हस्तान्तरण भैसकेपछि समुदायको मागका आधारमा स्थापित भएको उल्लेख गरेका छन् । उनले दमौली नगरको नजिकको खाली जग्गा वर्षमा तीन बाली उब्जनी हुने उर्बर जमिनभन्दा उच्च मूल्यमा मूल्यांकन गरिएको उल्लेख गरेका छन् । जब यस्ता सरोकार स्थानीय परामर्श मञ्चमा पेश गरियो, त्यसपछि उनीहरुले प्रभावितहरुसँग बैठक गरेर अर्को पाँच वर्षको बालीको क्षति समेत हिसाब गरेर क्षतिपूर्ति दिएपछि यसले प्रभावित व्यक्तिहरुका लागि सन्तोषजनक समाधान निकालेको थियो । म्याग्दी स्थानीय परामर्श मञ्चका प्रतिनिधिहरुले पनि स्थानीय परामर्श मञ्चका सदस्यहरुको छनौट प्रक्रियाका सम्बन्धमा समान खालको धारणा व्यक्त गरेकी छिन् । उनले आफू समुदायको सरोकार र समुदायको अवस्थिति/भूगोल विविध प्रभाव र तिनका सम्बन्धमा आफू जानकार रहेको बताउँदै त्यसलाई समाधान गर्ने उत्कट इच्छा व्यक्त गरिन् । उनले परियोजनाका तर्फबाट दुई स्थानीय परामर्श मञ्चका सदस्यहरु कनिष्ठ कर्मचारीहरु भएको र योग्यता पनि कमजोर रहेकोले स्थानीय परामर्श मञ्चको कार्यसम्पादनमा अन्य पालिकाभन्दा तुलनात्मक कमजोर रहेको भन्दै थप स्रोतको आवश्यतामा जोड दिइन् । गुनासोकर्ताले स्थानीय परामर्श मञ्चको सदस्यताका सम्बन्धमा जानकारीको अभावका साथै र प्रभावित आदिवासी जनजाति र विषेश रुपमा महिलाको सहभागिता नभएको सम्बन्धमा गम्भीर चासो राख्दै असन्तुष्टी व्यक्त गरेका छन् ।

## ३. प्रस्तावित कारबाहीको कार्यप्रणाली र अर्को चरण

३१. सरोकारवालासँगको सुरुवाती छलफल अनुसार र परियोजनाको कागजात पुनरावलोकनका आधारमा, विशेष परियोजना सहजकर्ता कार्यालयले स्वतन्त्र अध्ययन गराएर सूचनाको कमीको पूर्ति र सरोकारवालाका मतभेद र अडानहरुलाई स्पष्ट गरेर समस्या समाधान प्रक्रियामार्फत् गुनासोहरुको

समाधान गर्ने निष्कर्ष निकाल्यो । सरोकारवाल बीच थप छलफल, संयुक्त बैठकहरु र निरन्तरको संवादको आवश्यकता औंल्याइयो । सबै सरोकारवालाबीच गुनासोहरुलाई सम्बोधन गर्ने बृहद् स्वीकारोक्ति थियो । सबै सरोकारवालाले बैठक या अन्य मञ्चहरुमा समीक्षा र मूल्यांकनबाट गुनासोकर्ताका मुद्दाहरु सम्बोधन गर्नुपर्ने अभिव्यक्ति दिएका छन् । विशेष परियोजना सहजकर्ताको कार्यालयले सबै सरोकारवालालाई यो प्रक्रिया सहभागितामूलक, निष्पक्ष र छलफलमा आधारित हुनुपर्ने सिफारिश गरेको छ ।

३२. विशेष परियोजना सहजकर्ता कार्यालयले एडीबी परियोजना समूह तनहुँ जलविद्युत् लिमिटेडसँग समग्र परियोजना कार्यान्वयन र तथ्यांकको अन्तर सम्बोधनका साथै समस्या समाधानका लागि चाल्नुपर्ने कदम पहिचानका लागि निकट रुपमा संलग्न छ । तनहुँ जलविद्युत् आयोजनाले विगत वर्षमा वातावरण र सामाजिक व्यवस्थापन इकाइलाई सशक्तिकरणका लागि उक्त कार्यमा समर्पित सञ्चार विज्ञलाई सहभागी गराएर परियोजना प्रभावितको सहभागिता र संवाद सुधारका लागि पहल गरेको छ ।

३३. यी मुद्दाहरुको प्रारम्भिक मूल्यांकनका आधारमा, विशेष परियोजना सहजकर्ता कार्यालयले जानकारीको कमी पूर्ति गर्न र केही महत्वपूर्ण मुद्दाहरुमा सरोकारवालाको फरक दृष्टिकोणलाई तथ्यमार्फत् स्पष्ट गर्ने योजना अनुसार दुईओटा स्वतन्त्र अध्ययन गराउने योजना तय गरेको छ । पहिलो, आदिवासी जनजातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक अध्ययन र दोस्रो, जग्गा मूल्यांकन सम्बन्धि अध्ययन । यी अध्ययन र समस्या समाधानका क्रममा हुने नियमित छलफलका क्रममा गुनासोकर्ताहरुले व्यक्तिगत घरपरिवार सर्वेक्षण प्रश्नावली प्रति विमति राख्दै लक्षित समूहसँगको छलफल र परामर्शलाई अनुसन्धान विधिका रुपमा समावेश गर्न आग्रह गरेका थिए । विशेष परियोजना सहजकर्ताले सम्पत्ति र प्रभावको स्तर मापनमा अन्ततः घरपरिवार लक्षित छलफल आवश्यक हुने जानकारीमा लिँदै त्यस्ता छलफल र परामर्शलाई सम्वन्धित घर परिवार सित संयूक्त रुपमा अघि बढाउने तय गरेको छ । समीक्षा र मूल्यांकन प्रतिवेदन मस्यौदाको पुनरावलोकनमा दुई अध्ययनलाई एकसाथ केन्द्रित गरिनेछ । तनहुँ जलविद्युत् लिमिटेडले प्राथमिकतामा ध्यान दिनुपर्ने विषयहरु निम्न अनुसार छन् :

(क) आय र जनजीविका पुनर्स्थापना रणनीति र

(ख) विकास कार्यमा सामुदायिक सहभागिता (यस विषयमा तनहुँ जलविद्युत् लिमिटेडको पूर्ण अधिकार रहेको छ) ।

तनहुँ जलविद्युत् लिमिटेडले मुआब्जा निर्धारण समिति मात्रै एकल रुपमा मुआब्जाको दर निर्धारणमा जिम्मेवार रहने र आयोजनालाई मुआब्जा दर परिवर्तनमा कुनै अधिकार नभएको उल्लेख गरेको छ । यसको जानकारी अनुसूची ४ र ५ मा समावेश छ ।

- आदिवासी जनजातिको सामाजिक, साँस्कृतिक एवं आर्थिक अध्ययनले (क) आदिवासी जनजातिका अधिकार स्थापित गर्ने राष्ट्रिय कानुनहरु (गुनासोमा केन्द्रीत भएर) विस्तृत रुपमा समीक्षा गर्ने र एडीबीको सुरक्षा नीति र व्यवहार सम्बन्धि दस्तावेज, २००९ र युरोपेली लगानी बैंकको आदिवासी जनजातिसम्बन्धि आवश्यकताको तुलनात्मक अध्ययन, (ख) जग्गाको स्वामित्व र दाबी (पैतृक, पारम्पारिक, व्यक्तिगत स्वामित्व, साझा सम्पत्ति) आदिको समीक्षा, (ग) जनसांख्यिकी, सामाजिक, आर्थिक, भौगोलिक, शैक्षिक, सांस्कृतिक

विशेषता सम्बन्धि आदिवासी जनजातिको गुनासो साथै स्थानीय परम्परा/रहनसहनका नियम र व्यवहार, गरिबी तथा सान्दर्भिक ज्ञान-मनोभावसम्बन्धि जानकारी लिन बृहद् सामाजिक आर्थिक सर्वेक्षण गर्ने (र यसमा जग्गा अधिग्रहणले घरपरिवारहरुको आम्दानी र आर्थिक अन्तरनिर्भरतामा पर्न सक्ने प्रभावको मूल्यांकन समेत) र (घ) जातीयताका कारण प्रत्यक्ष र भिन्न प्रभाव (यदि छन् भने) पत्ता लगाउने । अध्ययनभर, विज्ञहरुले समुदायका सदस्यहरुसँग प्रत्येक घरलाई कस्तो असर पऱ्यो भनेर अझै राम्रोसँग बुझ्नका लागि छलफल गर्छन् र समुदायका सबै सरोकारवालादेखि परियोजनाका अधिकारीहरु, स्थानीय परामर्श मञ्चका प्रतिनिधिहरु, क्षतिपूर्ति निर्धारण समिति र गैरसरकारी संस्थाका प्रतिनिधिहरुसँग आपसमा संलग्न हुनेछन् ।

- जमिनको मूल्यांकन सम्बन्धि अध्ययन प्रभावित क्षेत्रका गुनासोकर्तामा केन्द्रीत हुनेछ : (क) विस्तृत मापन सर्वेक्षणमा छुटेको जमिन समुदायसँगको परामर्शका आधारमा सावधानीपूर्वक पहिल्याउने, (ख) स्वामित्व पुष्टी गर्नका लागि कागजात जाँच गर्ने, (ग) गुनासोकर्ताको जमिन, सम्पत्ति, साझा सम्पत्तिको पुनः मूल्यांक्न गर्ने, (घ) क्षतिपूर्ति निर्धारण समितिद्वारा प्रस्तावित क्षतिपूर्ति दर लगायत प्रतिस्थापन क्रममा आवश्यक पर्नसक्ने थप लागत सुझाउने ।

३४. गुनासोकर्ताले सामाजिक, सांस्कृतिक र आर्थिक पक्षका स्वतन्त्र विज्ञहरुको कामको महत्वमा जोड दिए । उनीहरुले जग्गा मूल्यांकन अध्ययनमा प्रभावित आदिवासी जनजातिले भोगचलन गर्दै आएको स्वामित्व कायम नभएको जमिनलाई पनि समावेश गर्न आग्रह गरे । (उदाहरणको लागि ३५ नं. प्लट प्रभावित आदिवासी जनजातिले खेती गर्दै आएका छन् । यसका अतिरिक्त, गुनासोकर्ताले प्रभावित आदिवासी जनजातिसँग जग्गा दर्ताको कानुनी दस्तावेज नभएपनि भोगचलनमा रहेको सम्बन्धमा पुनर्वास तथा प्रभावित सम्बन्धि योजनासँग तादम्यता राख्ने अन्य प्रमाणहरुको जाँच गर्न सिफारिश गरेका छन् । गुनासोकर्ताहरुले मुआब्जा दरका अतिरिक्त स्थानान्तरणमा लाग्ने लागत तथा आदिवासी जनजातिका लागि अन्य विकल्पहरु अध्ययन गर्न सिफारिश गरेका छन् ।

३५. अध्यनको अवधिभर स्वतन्त्र विज्ञले विशेष परियोजना सहजकर्ताको मार्गदर्शन अनुसार अध्ययनका काम गर्नुपर्नेछ । जबकी विशेष परियोजना सहजकर्ताको कार्यालय र गुनासो संयन्त्रले समग्र समस्या समाधान प्रक्रियामा सहकार्यलाई निरन्तरता दिनेछन् । विज्ञहहरुले आवश्यकता अनुसार सबै सरोकारवालाहरुसँग छलफल गर्नेछन् । यी दुई स्वतन्त्र प्रतिवेदनले विशेष परियोजना सहजकर्ता र गुनासो संयन्त्रलाई गुनासोकर्ताले पेश गरेका गुनासोहरु थप राम्रोसँग बुझ्न तथा गुनासोककर्ता र तनहुँ जलविद्युत् लिमिटेडबीच आपसी स्वीकार्यताका आधारमा समस्या समाधान गर्न मद्दत गर्छ ।

३६. यो प्रतिवेदन नेपाली र मगर भाषा (गुनासोकर्ताको बोलीचालीको भाषा) मा अनुवाद गरी सकेसम्म चाँडै गुनासोकर्ता र तिनका सल्लाहकारहरुलाई उपलब्ध गराइनेछ । र प्रभावित आदिवासी जनजातिलाई मौखिक रुपमा जानकारी गराइनेछ । उनीहरुलाई जानकारी गराउने काम सम्पन्न भएपछि, अर्को चरणमा तनहुँ जलविद्युत् लिमिटेड, एडीबी, युरोपेली लगानी बैंक परियोजना टोली, विशेष परियोजना सहजकर्ता कार्यालय र गुनासो संयन्त्रको सिफारिशमा गुनासोकर्ता तथा तिनका गैर सरकारी संस्थाका प्रतिनिधिको सहभागितामा गोलमेच छलफल हुनेछ । यो छलफल (क) सरोकारवालालाई समस्या समाधानका लागि आफ्ना सरोकारका मुद्दा स्पष्ट गर्न र जानकारीका

आधारमा निर्णय गर्न सहयोग गर्ने, (ख) समस्या समाधानर्फ अघि बढ्न सम्भावित मैत्रीपूर्ण कदमहरु खोजी गर्ने ।

३७. विशेष परियोजना सहजकर्ता कार्यालय र गुनासो संयन्त्र निकट रहेर आपसी सहकार्य गर्दै गुनासोकर्ता, तिनका प्रतिनिधि, एडीबी/युरोपेली लगानी बैंकका परियोजना टोली, सम्वन्धित अन्य सरकारी सरोकारवाला सम्यन्त्रहरु तथा तनहुँ जलविद्युत् लिमिटेडबीच संवाद अघि बढाइ त्यसलाई गति प्रदान गर्न र समस्या समाधानका लागि सहयोग गर्न प्रतिवद्ध रहेको छ ।

# अनुसूची १: गुनासोकर्ताको पत्र

११ फेब्रुअरी २०२०

श्री गुनासो प्रापक अधिकारी,
जवाफदेहीता संयन्त्र, एसियाली विकास बैंक
६ एडीबी एभेन्यू
मन्दालुयोङ सिटी १५५०, मेट्रो मनिला
फिलिपिन्स

*(इमेलद्वारा प्रेषित)*

विषय : तनहुँ जलविद्युत् आयोजना सम्बन्धमा गुनासो तथा समस्या समाधान कार्यका लागि

**गुनासो प्रापक अधिकारीज्यू,**

हामी, तनहुँ, नेपालमा निर्माण भइरहेको तनहुँ जलविद्युत् परियोजना (एडीबी परियोजना नम्बर ४३२८१-०१३ अथवा 'परियोजना') प्रभावित समुदाय 'प्रत्यक्ष डुबान प्रभावित सामूहिक अधिकार संरक्षण समिति' का रुपमा संगठीत भई, यहाँबाट परियोजनाका सिर्जित विवाद समाधान र समस्या समाधानका लागि अनुरोध सहित विशेष परियोजना सहजकर्ता कर्यालयमा गुनासो पेश गरेका छौं । हामीले सबै घरपरिवारको जानकारी अनुसूची १ मा समावेश गरेका छौं ।

आदिवासी जनजाति मगर, हाम्रो जीवन भूमि र प्राकृतिक स्रोतमा निर्भर छ । परियोजनाले प्रत्यक्ष रुपमा हाम्रो जमिन, जनजीविका तथा परम्परागत अभ्यासहरुलाई प्रत्यक्ष र भौतिक हानि पुर्‍याएको छ/पुर्‍याउनेछ । हामी कृषियोग्य जमिन, खेतबारीमा रहेका संरचना, दाहासंस्कार स्थल, पुल, सडक, पदमार्ग तथा पानीको मुहान परियोजनाका कारण प्रत्यक्ष प्रभावित हुनेछ । जलाशय निर्माणको क्रममा हाम्रो खेतीयोग्य जमिन पानीमा डुब्नेछ र हामी विस्थापित हुनुपर्नेछ । खेतीबाट हुने हाम्रो आय, पशुपालनमा कमी आउनेछ र हामीलाई आफ्नो जीवन धान्न कठिन हुनेछ । परियोजनाका सम्बन्धमा हामीले पर्याप्त सूचना पाएनौं, यथोचित छलफल र सार्थक सहभागिताको अवसर पनि उपलब्ध भएन । परियोजनाले हाम्रो जमिनको नापीमा समावेश गरेन । जग्गाको मुआब्जा र क्षतिपूर्ति निर्धारण हाम्रो सहभागिताबिना भएका कारण हाम्रो परिवार र हामीमा  अन्यायपूर्ण, अपर्याप्त र विभेदकारी ढंगले लादिएको छ ।

हामी निष्पक्ष समस्या समाधान प्रक्रियाका माध्यमबाट निम्न परिणामको अपेक्षा गर्दछौं :

१. परियोजनाको हरेक प्रक्रिया र चरणमा आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम र सूचित सहमतिको अधिकार लागू गरी हाम्रो समेत प्रतिनिधित्व हुनेगरी यस्तो संयन्त्र निर्माण गरियोस् ।

२. प्रभावित समुदायले बुझ्ने भाषामा स्थानीय दोभाषे/अनुवादक भर्ना गरी परियोजनाका बारेमा निरन्तर सबै सूचना प्रदान गरियोस् ।

३. वातावरणीय प्रभाव मूल्यांकनले पूर्णरुपमा र समुचित रुपमा हाम्रो जीवनमा पर्ने प्रभावहरु समावेश गर्नुपर्छ । अहिले मस्यौदा गरिएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनले परियोजनाले हामी, आदिवासी जनजातिलाई पार्ने प्रभावका सम्बन्धमा उल्लेख गरेको छैन । केही विषयहरु पुनः सम्बोधन होस्, स्पष्ट पारियोस् र हाम्रो समुदायको सहभागितामा सम्बोधन होस् । जसमा,

क) चरन क्षेत्रमा प्रभाव

ख) वनजंगलबाट प्राप्त हुने पशु आहार, दाउरा, वनस्पति, सागपातमा प्रभाव

४. परियोजनाका कारण हाम्रो दाहसंस्कार स्थल, विश्राम स्थल, मन्दिर, पानीको मुहान आदिमा असर पर्न गएकाले हाम्रो समुदाय (पलत्याङबासीहरुको डुबान क्षेत्रमा ६ दाहसंस्कार स्थल छन्) को सहभागितामा यी समाजिक-सांस्कृतिक असरहरु सम्बोधन हुनुपर्छ।

५. हाम्रो खेती गर्ने जमिनमा, चरन क्षेत्रमा परेको प्रभाव कम गरी कृषि र पशुपालनमा निर्भर प्रभावितहरुको जनजीविकाको सुनिश्चितता हुनुपर्छ।

६. स्थानीय परामर्श मञ्चमा समुदाय (समिति) तत्काल प्रभावकारी प्रतिनिधित्व हुने व्यवस्था लागू गरियोस् ।

७. विस्तृत नापी तथा सर्वेक्षणका क्रममा छुटेको जमिनको पुनः नापी हुनुपर्छ। नापी सर्वेक्षणमा प्रयोग हुने विधि हामीसँग समेत परामर्श गरी तय हुनुपर्छ।

८. निःशुल्क विद्युत् र तनहुँ जलविद्युत् लिमिटेडको निःशुल्क सेयरका साथै प्रभावित घरपरिवारलाई एक घर एक रोजगारको व्यवस्था हुनुपर्छ।

९. आदिवासी जनजातिको प्रतिनिधिमूलक संस्थाहरु (नेपाल मगर संघ तनहुँ, नेपाल आदिवासी जनजाति महासंघ तनहुँ) लाई परियोजना सम्बन्धित छलफलमा सहभागी गराउनुपर्छ।

१०. प्रभावित घरपरिवारलाई जग्गा र घरको हकमा समान खालको र उस्तै मूल्य हुनेगरी क्षतिपूर्ति दिएर समाधान निकाल्नुपर्छ।

तल उल्लेख गरिएजस्तै, हामीले यी समस्याहरु एडीबी, यसको सञ्चालन विभाग र आवासीय नियोग साथै तनहुँ जलविद्युत् लिमिटेड तथा विभिन्न तहका सरकारसँग निरन्तर सम्पर्कमा रहेर असल नियतले समाधान गर्ने प्रयास गरेका छौं।

१. सन् २०१८ मे मा हामीले गण्डकी प्रदेशका मुख्यमन्त्रीलाई १२ बुँदे मागपत्र पेश गरेका थियौं त्यस्तै, जिल्ला प्रशासन र जिल्ला विकास समिति, व्यास नगरपालिका, भिमाद नगरपालिका र रिसिङ गाउँपालिकालाई पनि सो बुझाएका थियौं।

२. सन् २०१८ अक्टोबरमा, हामीले एडीबीका प्रतिनिधिहरु, विशेष परियोजना सहजकर्ता कार्यालयलाई भेटेर हाम्रो १२ बुँदे माग पत्र दियौं। साथै हाम्रो पहिलेको गुनासोको प्रमुख पाटोका रुपमा सल्लाहकार नियुक्ति बारे सन् २०१८ अगस्ट ६ को प्रक्रियाको पत्र दियौं। दुर्भाग्यवश, यो गुनासोलाई अयोग्य ठहऱ्याइको र एडीबीको सञ्चालन विभाग सँग संलग्न गरेको देखिएन। त्यसपछि हामीले परियोजना सहजकर्ता कार्यालय र तनहुँ जलविद्युत् लिमिटेडको पहलमा सम्झौताको रुपरेखा प्राप्त भयो। जसको मस्यौदामा हामी संलग्न थिएनौं र यससँग पूर्णरुपमा सहमत छैनौं।

३. सन् २०१९ जनवरी २४ मा हामीले पुनर्वास तथा आदिवासी जनजाति सम्बन्धि योजना र स्थानीय परामर्श मञ्चका सम्बन्धमा कुराकानी गर्न एडीबीका कर्मचारीसँग भेट्यौं। हामीले एडीबीका कर्मचारी र तनहुँ जलविद्युत् लिमिटेड कम्पनीका प्रतिनिधिलाई अर्को पत्र पठायौं र विशेष परियोजना सहजकर्ताको सुझाव अनुसारको प्रत्येक घरपरिवारसँग हुने छुट्टै छलफल मान्य नहुने जानकारी गराउँदै सामूहिक परामर्श चाहेको जानकारी गरायौं।

४. सन् २०१९ मार्च ९ मा एडीबीका प्रतिनिधिले पलत्याङको वडा कार्यालयमा रहेको समितिमा पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजनाको अंग्रेजी संस्करण उपलब्ध गराए।

५. सन् २०१९ मार्च ९ को बैठकपछि ३१ मर्चमा समितिले तनहुँ जलविद्युत् लिमिटेड, एडीबी दक्षिण एसिया विभाग तथा एडीबी नेपाल आवासीय नियोगलाई पत्र लेखेर पुरा नभएका मागका सम्बन्धमा सार्थक छलफल र पर्याप्त क्षतिपूर्तिको माग गऱ्यौं । यी सबै शर्त पुरा नभएको आधारमा हामीले घरधुरी सर्वेक्षण प्रक्रियालाई सहमति दिएनौं । यसको प्रति यस पत्रको अनुसूची २ मा समावेश छ ।

६. सन् २०१९ अप्रिलमा एडीबी र तनहुँ जलविद्युत् लिमिटेडका प्रतिनिधिले पुनर्वास तथा आदिवासी जनजाति सम्बन्धि योजनाको प्रति समितिलाई मगर भाषामा उपलब्ध गराए । तर अनुवाद हाम्रो उपभाषामा थिएन ।

७. सन् २०१९ नोभेम्बरमा तनहुँ जलविद्युत् आयोजनाका प्रतिनिधिले हाम्रो गाउँ (पलत्याङ) को भ्रमण गरे र हामीलाई पुनर्वासका लागि तप क्षतिपूर्ति सहयोग दिने जानकारी दिए । यसमा रुख/बिरुवा र शिक्षा, स्वास्थ्य, सडक जस्ता सामाजिक विकासका आधार/सुविधाहरु हामीले प्राप्त क्षतिपूर्ति लिएर पुनर्वासका लागि जाने क्षेत्रमा पनि निर्माण गरिदिने उल्लेख गरे । तर उनीहरुले लिखित रुपमा जानकारी दिएनन् र राम्रोसँग बताएनन् कि हाम्रो खेतीयोग्य जमिन पनि डुबानमा पर्नेछ र त्यसको क्षतिपूर्ति बढाइनेछैन । यस सन्दर्भमा छलफल गर्न यो विषय कम्पनीको कार्यक्षेत्र बाहिर रहेकोले सरकारको कार्यक्षेत्रमा गएको हो । यो हाम्रा लागि असन्तुष्टीको कारण हो ।

८. हालसालै सन् २०१९ डिसेम्बरमा हामीले आदिवासी महिला कानुनी सचेतना समूह र नेपाल मगर संघ केन्द्रीय समितिका प्रतिनिधिसहित उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र गृह मन्त्रालयको भ्रमण गऱ्यौं । हामीले परियोजनासँगको हाम्रो सरोकार र विशेषगरी निष्पक्ष र पर्याप्त क्षतिपूर्ति नपाएको जानकारी गरायौं र हामीले दुवै मन्त्रालयका अधिकारीहरुलाई क्षतिपूर्तिमा उल्लेख्य विभेद गरिएको बतायौं । सन् २०१९ डिसेम्बर २५ को उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा भएको बैठकपछि तनहुँ जलविद्युत् लिमिटेडका निर्देशक तुरुन्त बोलाइए र हाम्रो सरोकारका विषयमा छलफल भयो । समितिमा आवद्ध जोखिममा रहेका प्रभावित परिवारहरुको सम्बन्धमा मन्त्रालय सकारात्मक भयो र उनीहरुका क्षतिपूर्ति र राहत बढाउने भयो तर यसको निर्णयचाहिं गृह मन्त्रालयबाट हुनुपर्छ भनियो । त्यही दिन, हामीले परियोजनासँगको हाम्रो गुनासो र सरोकार राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता गरायौं ।

९. सन् २०१९ डिसेम्बर २७ मा हामीले गृहसचिवसँग भेट्यौं । उहाँले तत्कालै तनहुँका प्रमुख जिल्ला अधिकारी (मुआब्जा/क्षतिपूर्ति निर्धारणमा प्रमुख जिम्मेवार व्यक्ति)सँग यससम्बन्धमा जानकारी लिनुभयो । सचिवले फेब्रुअरी२०१७ को निर्णय पछ्याउँदै त्यतिबेला सतितिले निष्पक्ष र पर्याप्त क्षतिपूर्ति नभएको भनेर दिएको गुनासोका सम्बन्धमा पनि चासो लिनुभएको थियो । तर प्रमुख जिल्ला अधिकारीले सान्दर्भिक संवादलाई वेवास्ता गर्दै मन्त्रालयलाई यससम्बन्धमा कुनै पनि जानकारी नै दिएनन् ।

यी सबै हाम्रा सम्वद्धता तथा हालैको मन्त्रालय र प्रमुख जिल्ला अधिकारीसँगको भेटका बाबजुद पनि हामीले उठाएका मुद्दा र हाम्रो सरोकारका सम्बन्धमा न त मन्त्रालय, न एडीबीबाट नै समयमा केही प्रगति भएको छ । जबकी हाम्रा मागहरु सम्बोधन गर्न हाम्रो माग अनुसार पुनर्वास तथा आदिवासी जनजातिसम्बन्धि योजना मगर भाषामा (स्थानीय उपभाषा) मै तयार गर्न लागिएको छ तर जमिनको साटो जमिन जस्ता हाम्रा मुख्य मागहरु समाधान हुन सकेका छैनन् । यसकारण यसप्रकारको सम्बोधनबाट हामी सन्तुष्ट हुन सकेनौं र समाधान खोज्नका लागि स्वतन्त्र मध्यस्थता खोज्न अनुरोध गर्दै यहाँको कार्यालयमा गुनासो पेश गरेका छौं ।

हामीले आदिवासी महिला कानुनी सचेतना समूह र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय सञ्जाललाई यो प्रक्रियामा हाम्रो सल्लाहकारको भूमिका निर्वाह गर्न अनुमति दिएका छौं । एडीबीमा रहेको एनजीओ फोरम र इन्टरनेशनल एकाउन्ट्याबिलिटी प्रोजेक्टको सहयोगमा यो गरिएको हो । हाम्रो

प्रतिनिधित्व गर्नेगरी एनजीओलाई दिएको अधिकार अनुसूची ३ मा समावेश छ । यी सल्लाहकारहरुले हाम्रोर्फबाट निर्णय गर्न सक्दैनन् तर हामीलाई प्रगतिहरुको बारेमा जानकारी गराउन र हामीलाई सूचित राख्न सहजीकरण गर्छन् । औपचारिक संवाद नेपाली वा अंग्रेजी भाषामा हुनुपर्छ र सम्भव भएसम्म हाम्रो मातृभाषा मगर भाषामा । हामी हाम्रो समुदाय पलत्याङमा व्यक्तिगत रुपमा पनि सूचना/जानकारी ग्रहण गर्न अनुरोध गर्दछौं । कृपया हामीलाई tanahucommittee@gmail.com मा सम्पर्क गर्नुहोस् ।

भविष्यमा गुनासोको समीक्षालाई तीव्रता निदका लागि अन्य जानकारीहरुसहित यो गुनासोलाई पुनरावलोकन गर्ने सम्पूर्ण अधिकार हामीमै निहीत राख्दछौं । हामीले अरु लगानीकर्ता समेतको जवाफदेहीता संयन्त्रबाट यसको उपचार खोजेका छौं । तपाईंको संयन्त्रलाई हामीसँग परामर्श गरी अन्य संयन्त्रहरुसँग समेत समन्वय गर्न आग्रह गर्दछौं ।

भवदीय,

तिलबहादुर थापा
सभापति,
प्रत्यक्ष डुबान पिडित सामुहिक पूर्णअधिकार संरक्षण समिति

शेरबहादुर थापा
उपाअध्यक्ष,
प्रत्यक्ष डुबान पिडित सामुहिक पूर्णअधिकार संरक्षण समिति

तेजबहादुर थापा
सचिव,
प्रत्यक्ष डुबान पिडित सामुहिक पूर्णअधिकार संरक्षण समिति

**हाम्रा सल्लाहकारहरु**

अधिवक्ता ईन्दिरा कुमारी श्रीस र
अधिवक्ता ऋतु थापा मगर
आदिवासी महिला कानुनी सचेतना समूह
कुमारीपाटी, ललितपुर
inwolag@yahoo.com

प्रविन्द्र शाक्य,

कम्युनिटी इम्पावरमेन्ट एण्ड सोसल जस्टिस नेटवर्क (सेम्सोज)
shakya.prbn@gmail.com, cemsoj@gmail.com

## अनुसूची -१

| क्र.सं. | नाम | ठेगाना | टेलिफोन |
|---|---|---|---|
| १ | तिलबहादुर थापा | रिसिङ, रानीपोखरी-७ | ९८०४१०५५८४ |
| २ | शेरबहादुर थापा | रिसिङ, रानीपोखरी-७ | ९८१४१३६७०५ |
| ३ | तेज बहादुर थापा | रिसिङ गाउँपालिका, पल्त्याङ-८ | ९८१६६९९१६८ |
| ४ | ओम प्रकाश थापा | रिसिङ रानीपोखरी-७ | ९८४६१०७५२७ |
| ५ | शोभा थापा (बुहारी)<br>चित्रबहादुर थापा | रिसिङ, रानीपोखरी-८ | ९८२९५०४५९५ |
| ६ | टाँप मास्की | रिसिङ, रानीपोखरी, ७ | ९८४६३९८४३२४ |
| ७ | बालु थापा (बुहारी)<br>पवित्रा थापा | रिसिङ, रानीपोखरी | |
| ८ | टिका बहादुर पुन | रिसिङ, रानीपोखरी | ९८०४१४९१२० |
| ९ | मनिषा थापा, जयराम थापा | रिसिङ, रानीपोखरी | |
| १० | याम कुमारी राना | रिसिङ, रानीपोखरी | |
| ११ | निल बहादुर (बासु) थापा | सबुङ भगवतिपुर, रानीपोखरी ९ | ९८२४५०३९७१ |
| १२ | विभा देवी थापा | रानीपोखरी ७ | ९८१७१४६५२१<br>९८०८६०२९४६ |
| १३ | पवित्रा थापा (निधन)<br>गोपाल सिंह थापा (छोरा) | सबुङ भगवतिपुर, रानीपोखरी ७ | ९८०५८००६७२ |
| १४ | पवित्रा थापा (निधन)<br>आइत सिंह थापा (छोरा) | सबुङ भगवतिपुर, रानीपोखरी ७ | |
| १५ | पवित्रा थापा (निधन)<br>पदम थापा (छोरा) | सबुङ भगवतिपुर, रानीपोखरी ७ | ९८०३०९२६०३ |
| १६ | वीर बहादुर थापा (निधन)<br>मुक्त सिंह थापा (छोरा) | | ९८१३८६५१५० |
| १७ | वीर बहादुर थापा (निधन)<br>रेख सिंह थापा (छोरा) | | |
| १८ | वीर बहादुर थापा (निधन)<br>बेम बहादुर थापा (छोरा) | | |
| १९ | हर्क बहादुर राना (निधन)<br>याम कुमारी राना (बुहारी) | सबुङ भगवतिपुर, रानीपोखरी | ९८१०३२२२०६ |
| २० | ढल बहादुर ढेंगा (निधन)<br>मिम लाल ढेंगा (छोरा) | रानीपोखरी ७ | |
| २१ | ढल बहादुर ढेंगा (निधन)<br>होम बहादुर थापा (छोरा) | रानीपोखरी ७ | ९८१५१७१३६० |
| २२ | ढल बहादुर ढेंगा (निधन)<br>मिन बहादुर ढेंगा (छोरा) | | ९८४०४७७३५३ |
| २३ | ढल बहादुर ढेंगा (निधन)<br>लति ढेंगा (श्रीमति),<br>होम बहादुर थापा | रानीपोखरी ७ | ९८१५९१३६० |

| | | | |
|---|---|---|---|
| २४ | जितबहादुर थापा | रानीपोखरी ७ | ९८४९३४७३४० |
| २५ | निल बहादुर थापा,<br>बासुदेव थापाका छोरा | रानीपोखरी ७ | ९८११९३७१४१<br>९८२१५२६५८६ |
| २६ | कुन राम थापा (निधन)<br>खड्क बहादुर थापा (छोरा) | रानीपोखरी ७ | ९८१५१०७३७३ |
| २७ | लिलावती थापा (निधन)<br>खड्क बहादुर थापा (छोरा) | रानीपोखरी ७ | ९८१५१०७३७३ |
| २८ | मान बहादुर थापा (निधन)<br>ओम माया थापा (बुहारी) | | ९८१६०९९१६८ |
| २९ | अति थापा<br>(तेज बहादुर थापा) छोरा | रानीपोखरी ७ | ९८१५१७१३६० |
| ३० | प्रेम सिंह थापा (सरकारको बाँझो जग्गामा स्वामित्व बिना नै खेती गरेको) खम्भी सारा थापा (बुहारी) | रानीपोखरी ७ | ९८१४१७३६९६ |
| ३१ | हर्क बहादुर थापा (सरकारको बाँझो जग्गामा स्वामित्व बिना खेती गरेको), होम बहादुर थापा (छोरा) | रिसिङ ७ | ९८१७३१७००२ |
| ३२ | सामूहिक स्वामित्वमा जमिन<br>(दिल बहादुर थापा, भीम मास्की (अहिले बेलायतमा रहेका), टिका पुन, ओम प्रकाश थापा, सुमन थापा (अहिले हङकङमा रहेका), टाँप बहादुर मास्की, तिल बहादुर चिताउरे मगर) | रिसिङ ७ | ९८०६७२४०६४<br>९८०४१४९१२०<br>९८१४१०६५३३<br>९८२५१८२७४८<br>९८४६४४३६४५ |

## प्रत्यक्ष डुबान पिडीत सामुहिक पुर्णअधिकार संरक्षण समिति

तनहुँ, नेपाल

---

२०७५/०६/१६

श्री विशेष परियोजना सहजकर्ता कार्यालय
जवाफदेहीता संयन्त्र
एसियाली विकास बैंक

*विषय: छलफलमा सल्लाहकार राखी पाउने बारे ।*

उपरोक्त सम्बन्धमा आज मिति २०७५।०६।१६ गतेका दिन यस कार्यालयबाट भएको इमेल अनुसार बैठक बस्ने सूचना प्राप्त भएकोले हामीले हाम्रो तर्फबाट आफ्नो कुरा राख्न विचार विमर्श गर्नका लागि र हामी समितिको तर्फबाट हाम्रा सल्लाहकारहरु अधिवक्ता ऋतु थापा मगर, अधिवक्ता ईन्दिरा कुमारी श्रीस तथा अधिवक्ता सन्तोष थापा मगरलाई आदिवासी महिला कानूनी सचेतना समूह ( इन्वोल्याग) र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय फाउण्डेशन (सेम्सोज) को तर्फबाट नियुक्त गरिएको जानकारी गराउन चाहान्छौं ।

तिल बहादुर थापा
अध्यक्ष

## अनुसूची २ : विशेष परियोजना सहजकर्ता कार्यालयको प्राप्ति/मञ्जुरी पत्र

पठाउने : सुस्मा कोटागिरी
पठाइएको : मंगलबार फेब्रुअरी १८, २०२० साँझ ५:१५ बजे
पठाइएको ठेगानाहरु : inwoalog@gmail.com, shakya.prbn@gmail.com, cemsoj@gmail.com , tahanucommittee@gmail.com,
बोधार्थ : Wilfredo R. Agliam; Warren Evans; Marry Jane V. David; basnet.shobha@gmail.com

**विषय : तनहुँ जलविद्युत् आयोजनाको सम्बन्धमा बैठक**

श्री ईन्दिरा कुमारी श्रीस, ऋतु थापा मगर र प्रबिन्द्र शाक्य
नमस्ते !!

म सुस्मा कोटागिरी, विशेष परियोजना सहजकर्ताको कार्यालय, एसियाली विकास बैंक, मनिलामा प्रमुख सहजकर्ता विशेषज्ञका रुपमा कार्यरत छु । हामीले **प्रत्यक्ष डुबान पिडीत सामुहिक पुर्णअधिकार संरक्षण समिति**का रुपमा गैरसरकारी संस्थाहरु (आदिवासी महिला कानुनी सचेतना समूह र सामुदायिक सशक्तिकरण तथा सामाजिक न्याय सञ्जाल, जसलाई यहाँहरु तीनजनाले सललाहकारको भूमिकामा प्रतिनिधित्व गर्नुहुन्छ), को सहयोगमा संगठीत हुनुभएका समुदायका सदस्यहरुको तर्फबाट प्रेषित गुनासो प्राप्त गऱ्यौं । हामीले समस्या समाधानका लागि गुनासोको पुनर्विचारको आग्रहलाई जानकारीमा लिएका छौं ।

यस सम्बन्धमा, हामी नेपालमा प्रारम्भिक मिसन (कार्यदल)लाई सम्बन्धित सरोकारवालासँग भेट्न र स्थलगत भ्रमण गर्न प्रस्ताव गर्दछौं । यो मिसनले परियोजना कार्यसम्पादन र कार्यान्वयन निकायलाई पनि भेट्नेछ र यो गुनासो पेश गर्ने समुदाय र यहाँहरु तीनजना समेतलाई भेट्नेछ । आज बिहान हाम्रो समुदायका प्रतिनिधिहरु - श्री तिलबहादुर थापा, श्री शेरबहादुर थापा र श्री तेजबहादुर थापासँग टेलिकन्फ्रेन्स सम्पन्न भयो । हाम्रो राष्ट्रिय परामर्शदाता शोभा बस्नेतले हामीलाई अनुवादका लागि सहयोग गर्नुभयो र उहाँ यो गुनासो अघि बढ्दै जाँदा उहाँले निरन्तर हामीसँगै काम गरिरहनुभएको छ । हामीले हाम्रो मिसन पठाउने समय निर्धारण गरेर उनीहरुलाई २९ फेब्रअरीदेखि मार्च १ र २ मा भेट्ने समय मिलाएका छौं ।

म केही अत्यावश्यक व्ययवस्थाका लागि निम्न विषयमा यहाँबाट सकेसम्म छिटो सुनिश्चितताको अपेक्षा गर्दछु ।

क) विशेष परियोजना सहजकर्ता कार्यालयका (वारेन इभान्स- विशेष परियोजना सहजकर्ता, म आफैं र हाम्रो राष्ट्रिय परामर्शदाता) यहाँहरु सबैलाई २७ फेब्रुअरी (बिहीबार) काठमाडौंमा भेट्नेछौं ।

ख) म १ मार्च (आइतबार) पोखरामा एउटा कार्यशाला प्रस्ताव गर्न गइरहेको छु । जसमा परियोजना विशेष सहजकर्ता टोलीले परियोजनास्थल भ्रमण गरेर सबै समुदायका सदस्यहरुलाई २९ फेब्रअरी (शनिबार) भेटेपछि सबै गुनासोहरुको आपसमा विस्तृत समीक्षा र मूल्यांकन हुनेछ । हामी विशेषगरी यहाँहरु सबैलाई १ मार्चमा उक्त कार्यशालामा सहभागी हुन सुझाव दिन्छौं । यो प्रस्तावमाथि यहाँहरुको र गुनासोकर्ता प्रतिनिधिहरुको सहभागिताको सुनिश्चिततापछि समय र ठाउँको निश्चित गरी यहाँहरुलाई जानकारी गराउनेछु ।

तपाईंहरुलाई भेट्ने र यस विषयमा आपसी सहकार्यमा काम गर्ने अपेक्षा सहित

तपाईंको,
सुस्मा
सुस्मा कोटागिरी,
प्रमुख सहजकर्ता विशेषज्ञ (जवाफदेहीता संयन्त्र)
विशेष परियोजना सहजकर्ता कार्यालय

# अनुसूची ३: सम्पर्क गरिएका सरोकारवालाको सूची

| क.सं. | सरोकारवाला | सम्पर्कमा गरिएका व्यक्तिहरुको नाम |
|---|---|---|
| १ | परियोजना सुपरिवेक्षण परामर्शदाता (लह्मेयर इन्टरनेशनल जीएमबीएच) | श्री फ्रान्ज-देतर वाल, सामाजिक सुरक्षा विज्ञ |
| २ | वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायक, इलेक्ट्रो कन्सल्ट | श्री पाओला सिओदी, सामाजिक विज्ञ<br>श्री इतोर रोमाग्नोली, टोली नेता |
| ३ | ग्रामीण सशक्तिकरण समाज, दमौली, तनहुँ, नेपाल | श्री सचिन उपाध्याय, क्षतिपूर्ति जाँच परामर्शदाता |
| ४ | बाह्य अनुगमन विज्ञ | श्री शिव शंकर कार्की, वातावरण विज्ञ<br>श्री रोबिन भण्डारी, सामाजिक अनुगमन विज्ञ |
| ५ | विज्ञहरुको समूह | सामाजिक विज्ञ : सुश्री सुसन नोभक |
| ६ | स्थानीय परामर्श मञ्च<br>- भिमाद, स्थानीय परामर्श मञ्च सदस्य<br>- म्याग्दे गाउँपालिका स्थानीय परामर्श मञ्च संयोजक/अध्यक्ष<br>- रिसिङ गाउँपालिका स्थानीय परामर्श मञ्च संयोजक/अध्यक्ष | - श्री गुञ्जमानसिंह गुरुङ<br>- श्रीमति मायादेवी राना<br>- श्री राजेन्द्र कृष्ण श्रेष्ठ |
| ७ | गैर सरकारी संस्था (एनजीओ) सल्लाहकार | श्री ईन्दिरा कुमारी श्रीस, श्री ऋतु थपामगर, श्री शारदा सुब्बा, श्री प्रबिन्द्र शाक्य |
| ८ | सहयोगी एनजीओहरु | सुश्री जोसलिन मेडालो, श्री टोम वीर्चाट ( इन्टरनेशनल एकाउन्ट्याबिलिटी प्रोजेक्ट), श्री रायान हसन (एनजीओ फोरम अन एडीबी) |
| ९ | गुनासोकर्ता | श्री तिलबहादुर थापा, श्री शेरबहादुर थापा, श्री तेजबहादुर थापा, श्री शारदा सुब्बा |
| १० | एडीबी परियोजना टोली | श्री जीवन आचार्य (टोली नेता), श्री आरोन डेनिस, श्री रिकर्डो कार्लोस बार्बा, सुश्री इम्मा मर्सदेन, श्री लक्ष्मी सुवेदी |
| ११ | तनहुँ जलविद्युत् लिमिटेड परियोजना अधिकारीहरु | प्रदीप कुमार थिके |

# अनुसूची-४ कार्यभारः सामाजिक, साँस्कृतिक/आदिवासी जनजातिसम्बन्धि विज्ञ

## १. कार्यभारको उद्देश्य र प्रयोजन

विज्ञहरुले **"प्रत्यक्ष डुबान पिडीत सामुहिक पुर्णअधिकार संरक्षण समिति"** (मगर) हरुसँग सार्थक परामर्श र वृहद् सामाजिक-आर्थिक सर्वेक्षण शुरु गर्नेछन् । यो समुदायलाई यहाँ तनहुँ जलविद्युत् परियोजना, गुनासोकर्ता समुदायको सन्दर्भ प्रदान गरिएको छ । यदि उनीहरुको जात, भूगोल तथा अवस्थितिजन्य कारण प्रत्यक्ष, अप्रत्यक्ष र भिन्न प्रभाव उत्पन्न भएका छन् भने त्यसलाई निर्दीष्ट गर्ने र स्थापित गरिनेछ । एसियाली विकास बैंकको विशेष परियोजना सहजकर्ता कार्यालय र युरोपेली लगानी बैंकको गुनासो संयन्त्रले गुनासोकर्ताको समस्या समाधान प्रक्रियामा सबै सान्दर्भिक सरोकारवालासँग नजिक रहेर निरन्तर काम गर्नेछन् ।

## २. कार्यक्षेत्र

विशेष परियोजना सहजकर्ताको मार्गदर्शन अनुसार, विज्ञले नेपालमा तनहुँ जलविद्युत् आयोजना प्रभावित गुनासोकर्ता आदिवासी जनजाति समुदायसँग व्यापक परामर्श गर्नेछन् र निम्न क्षेत्रलाइ केन्द्रीत गर्दै विस्तृत कार्ययोजना तयार गर्नेछन् :

१) व्यक्तिगत रुपमा र सामुदायिक रुपमा परियोजनाको प्रभाव

२) तिनीहरुको हक अधिकार

३) आवश्यक आय/जनजीविका पुनर्स्थापना रणनीति

४) आदिवासी जनजातिसम्बन्धि विषयहरुमा समयवद्ध कार्यान्वयन तालिका र आवश्यक बजेट

५) आदिवासी जनजातिले विशेष परियोजना सहजकर्ता कार्यालय र गुनासो संयन्त्रमा पेश गरेका विषयहरु सल्ट्याउने उद्देश्यसहितको सांस्कृतिक रुपमा उचित लाभ सुनिश्चित गर्ने उपायहरु,

अध्ययन विधिमा अनुसन्धानका संयुक्त विधि अन्तर्गत लक्षित समूहसँग छलफल र/अथवा वैयक्तिक घरपरिवार प्रश्नावलीको प्राथमिकताका रुपमा सामुदायिक छलफललाई अघि बढाइनेछ ।

## ३. विस्तृत काम र/अथवा अपेक्षित परिणाम

विज्ञले आदिवासी जनजाति सम्बन्धि सबै सान्दर्भिक कानुन, नीति र नेपाल सरकारका निर्णय तथा एडीबी र युरोपेली लगानी बैंकको आदिवासी जनजाति संरक्षण नीति र सिद्धान्त सहित निम्न काम गर्नुपर्नेछ, तर यसमा मात्र सीमित हुनुपर्दैन ।

- एडीबी र युरोपेली लगानी बैंकको आदिवासी जनजाति सम्बन्धि सिद्धान्तको पर्याप्तता र सामञ्जस्यता जाँच गर्ने र कमी पाइए त्यसलाई पूर्ति गर्ने उपायहरु सुझाउने साथै परियोजना क्षेत्रमा आदिवासी जनजाति (विशेषगरी मगर) को गुनासोसँग मेल खाने राष्ट्रिय र स्थानीय कानुनी तथा संस्थागत व्यवस्था, कानुन, नियमको समीक्षा र विश्लेषण गर्ने,
- विद्यमान लिखतहरु, उपलब्ध तथ्यांक, परियोजना दस्तावेजको समीक्षा गरी परियोजनाले आदिवासी जनजाति समुदायलाई पुऱ्याउने प्रत्यक्ष नकारात्मक असर (यदि छन् भने) पहिचान गर्ने,
- आदिवासी जनजाति समुदायको गुनासोलाई जनसांख्यिकी, सामाजिक, आर्थिक, भौगोलिक, शैक्षिक, सांस्कृतिक र राजनीतिक आदि विशेषताका माध्यमबाट विश्लेषण गर्न बृहद् आधारभूत सामाजिक-आर्थिक सर्वेक्षण गर्ने । यसमा सान्दर्भिक ज्ञान-मनोवृत्ति-व्यहार, स्थानीय र परम्परागत/प्रचलित

कानुन तथा व्यवहार र गरिबीको प्रोफाइल साथै जग्गा अधिग्रहणबाट घरपरिवारको आम्दानी र आर्थिक अन्तरनिर्भरतामा पर्ने सम्भावित प्रभावहरुको मूल्यांकन समावेश गर्ने,

- सामाजिक-आर्थिक सर्वेक्षण गर्दा घरपरिवारका लागि प्रश्नावली तयार गर्ने, उपयुक्त नमुना संकलन विधि प्रयोग गर्ने । सामाजिक आर्थिक सर्वेक्षणमा जग्गा अधिग्रहणका कारण आयमा सम्भाव्य प्रभाव र घरपरिवारको आर्थिक परनिर्भरता सम्बन्धि तथ्यांक समावेश हुनुपर्नेछ,
- चलिआएका प्रथासम्बन्धित भूमि तथा गुनासोकर्ता घरपरिवार र समुदायको निर्भरता रहेका अन्य प्राकृतिक स्रोतको तथ्यांक संकलन गर्ने,
- परियोजनाको सम्पूर्ण पक्षको यथार्थ, प्रत्यक्ष र अप्रत्यक्ष, अल्पकाल र दीर्घकाल तथा सकारात्मक र नकारात्मक सम्भाव्य प्रभाव मूल्यांकन तथा जाँच गर्ने र सबै गुनासोकर्ता घरपरिवारसँग सार्थक, सांस्कृतिक रुपमा उपयुक्त र लैंगिक रुपमा संवेदनशील परामर्श सञ्चालन गर्ने,
- सम्बन्धि सरोकारवाला र जग्गा मूल्यांकन विज्ञसँग निकट रहेर भूमिको स्वामित्व अवधि तथा दाबी (पैतृक, परम्परागत, समसामयिक, व्यक्तिगत स्वामित्व तथा सामुदायिक सम्पत्ति) को गहन समीक्षा गरी आदिवासी जनजातिको समुदाय र व्यक्तिगत घरपरिवारको विद्यमान स्वामित्व सम्बन्ध तथा भिन्न प्रभावका साथै सांस्कृतिक स्थलको महत्व यकिन गर्ने,
- मगर अन्य जातिय समुदायको (प्रभुत्व रहेको नेपाली समुदाय समेत) को आन्दोलन तथा संघर्षका सम्बन्धमा पत्रपत्रिकाका लेखहरुको समीक्षा र विश्लेषण गर्ने,
- प्रभावित आदिवासी जनजाति भित्र लैंगिक सम्बन्धको विश्लेषण गर्ने,
- जग्गा पहिल्यै अधिग्रहण भैसकेको र कार्यसम्पादन निकायबाट क्षतिपूर्ति पाइसकेका प्रभावित व्यक्तिहरुको समग्र पक्षहरुको वृहद् अध्ययन गरी अन्य प्रभावितको तुलनामा गुनासोकर्ता समुदायको जातियता, सांस्कृतिक अभ्यास, जीवनशैली, जनजीविका तथा यदि पुनर्स्थापना भयो भने भूगोल र अवस्थितिले धार्मिक/सांस्कृतिकरुपमा पार्ने अप्रत्यक्ष प्रभाव तथा क्षतिका सम्बन्धमा जानकारी लिने,
- तनहुँ जलविद्युत् लिमिडेडका परियोजना, स्थानीय सरकार, स्थानीय परामर्श मञ्च, आदिवासी जनजातिका मुद्दा र विकासका क्षेत्रमा काम गरिहरेका निकायका अधिकारीहरु, परियोजना आवद्ध विज्ञको समूह, वातावरणीय र सामाजिक व्यवस्थापन सेवा प्रदायक, सुपरिवेक्षण परामर्शदाता समूह, बाह्य अनुगमन विज्ञजस्ता सम्बन्धित सरोकारवालासँग परामर्श गर्ने, र
- विद्यमान सबै पुनर्बास योजना र सामाजिक अनुगमन प्रतिवेदनको पुनरावलोकन गरी अन्य मुद्दा र विषयवस्तुमा एडीबी र युरोपेली लगानी बैंकले अनुपालनामा पुनर्विचार गर्नुपर्ने भए सुनिश्चित गर्ने ।

## ४. उपलब्धि/प्रतिवेदनको आवश्यकता

यी सबै काम सम्पन्न गर्ने समयसीमा ४५ दिनको हुनेछ, बीचमा विश्रमा समेत गरेर काम शुरु गरेको दुई महिनाको अवधि हुनेछ । अध्ययनभर, विज्ञले सान्दर्भिक सरोकारवाला, जग्गाको मूल्यांकन विज्ञसँग सान्निध्य रहेर काम गर्नेछन् र विशेष परियोजना सहजकर्ताबाट निर्देशित हुनेछन् । आदिवासी जनजातिसम्बन्धि विज्ञले विशेष परियोजना सहजकर्ता कार्यालयका परामर्शदाता र मगर अनुवादक/सहजकर्ता सन्निकट रहेर काम गर्नेछन् । सबै प्रतिवेदन अंग्रेजी, नेपाली र गुनासोकर्ताको मगर उपभाषामा तयार गरिनेछ । सञ्चालन गरिने गतिविधिका आधारमा विज्ञले यी विषय प्रस्तुत गर्दै बृहद् प्रतिवेदन पेश गर्नेछन्,

१. अबलम्बन गरिएको विधि,

२. वृहद् सामाजिक-आर्थिक विषयसम्बन्धित प्रश्नावली र सो आधारमा तथ्यांक विश्लेषण,

३. आदिवासी जनजाति घरपरिवार र समुदायको स्वामित्व/भोगाधिकार मा प्रभाव सम्बन्धमा,

४. आय/जनजीविका पुनर्स्थापना रणनीति,

५. समयवद्ध कार्यान्वयन तालिका र बजेट,

६. परामर्शका लागि निर्देशित प्रश्नहरु, छलफल/परामर्श प्रक्रियाको विस्तृत सारांश, र

७. परियोजना अन्तर्गत सांस्कृतिक रुपमा उपयुक्त लाभ सुनिश्चित गर्न सिफारिश उपाय, परामर्शका माध्यमबाट पहिचान गरी गुनासोकर्ताद्वारा पेश गरिएको गुनासोहरुको प्रभावकारी समाधान

## ५. न्यूनतम योग्यता आवश्यकता

विज्ञले समाजशास्त्र, मानवशास्त्र र अन्य सान्दर्भिक क्षेत्रमा उच्च शिक्षा हासिल गरेको हुनुपर्छ। उ/उनी सँग आदिवासी जनजातिसँग काम गरेको, पुनर्बासका मुद्दामा, प्रभवित समुदायसँग काम गरेको र छलफल/परामर्श सञ्चालन गरेको जस्ता कामको १० वर्षको अनुभव चाहिन्छ। विज्ञ नेपाल सरकारको नीति, प्रक्रिया तथा एडीबी र युरोपेली लगानी बैंकको सुरक्षा/संरक्षण आवश्यकताका सम्बन्धमा परिचित हुनुपर्नेछ। उ/ उनीसँग राम्रो लेखाइ तथा मौखिक रुपमा संवाद गर्न सक्ने सीप भएको हुनुपर्छ।

# अनुसूची-५ कार्यभार : जग्गा मूल्यांकन अध्ययन

## १. कार्यभारको उद्देश्य र प्रयोजन

स्वतन्त्र विज्ञले 'प्रत्यक्ष डुबान प्रभावित सामूहिक अधिकार संरक्षण समिति' (मगर), यहाँ तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित गुनासोकर्ता समुदाय भनि उल्लेख गरिएका आदिवासी जनजातिको साधरण सम्पत्ति, चरन क्षेत्र, बालीनाली हुने जमिन, रुख, संरचना, गैर-भूमिका आधारित आय र जमिनको मुआब्जा दर जाँचपरख गरी स्थापित गर्नुपर्छ । उक्त समुदाय या घरपरिवारलाई जातीयता, भूगोल र अवस्थितिका हिसाबले के कस्तो प्रत्यक्ष, अप्रत्यक्ष तथा भिन्न प्रभाव पर्छ भनी हेर्नुपर्नेछ । यसमा जग्गा दर्ता प्रणाली, पैतृक, परम्परागत र सार्वजनिक जग्गाको स्वामित्व/भोगाधिकारमा आदिवासी जनजाति समुदायको के कस्तो अधिकार स्थापित छ भन्ने विषय स्वतन्त्र अध्ययन समावेश छ । एडीबीको विशेष परियोजना सहजकर्ता कार्यालय र युरोपेली लगानी बैंकको गुनासो संयन्त्रले यी गुनासो र समस्या समाधान प्रक्रियामा सहकार्य गर्दै सबै सरोकारवालासँग निकट रहेर काम गर्नेछन् ।

## २. कार्यक्षेत्र

विज्ञले विशेष परियोजना सहजकर्ताको मार्गदर्शनसहितको नेतृत्मा नेपालमा रहेको तनहुँ जलविद्युत् आयोजनामा गुनासो राख्ने आदिवासी जनजाति समुदायसँग वृहद् छलफल गरेर निम्न विषयलाई विस्तृत रुपमा समेटेर कार्ययोजना तयार गर्नेछन्, (१) व्यक्तिगत रुपमा र सामुदायिक रुपमा परियोजनाको प्रभाव (२) तिनीहरुको स्वामित्व/भोगाधिकार (३) पुनर्स्थापना रणनीतिका लागि आवश्यक आय/जनजीविका (४) आदिवासी जनजाति सम्बन्धित पक्षमा समयवद्ध कार्यान्वयन तालिका र बजेट (५) आदिवासी जनजातिले विशेष परियोजना सहजकर्ता कार्यालय र गुनासो संयन्त्रमा पेश गरेका विषयहरु सल्ट्याउने उद्देश्यसहितको सांस्कृतिक रुपमा उचित लाभ सुनिश्चित गर्ने उपायहरु ।

**पहल** : अन्तर्वाताहरु पहिल्यै विकास गरिएको अन्तर्वार्ता निर्देशकाका आधारमा लिइनेछन् । अध्ययन विधिमा अनुसन्धानका संयुक्त विधि अन्तर्गत लक्षित समूहसँग छलफल र/अथवा वैयक्तिक घरपरिवार प्रश्नावलीको प्राथमिकताका रुपमा सामुदायिक छलफललाई अघि बढाइनेछ । संकलन गरिएका तथ्यांक, गुनासोकर्तासँगको प्रत्यक्ष अन्तर्वार्ता, तनहुँ जलविद्युत् लिमिटेडबाट प्रभावित भइ क्षतिपूर्ति लिइसकेका, प्रभावित नभएका लगायतसँग संकलन गरिएका विभिन्न सूचनाका आधारमा कार्यालयमा तयार गरिने अनुसन्धानका आधारमा पुनर्बास योजनाको लागत स्थापित गरिनेछ । कार्यालयमा बसेर गरिने अनुसन्धानमा सान्दर्भिक प्रकाशन/दस्तावेज, स्थानीय र केन्द्रका सरकारी निकायका सामग्री (आवश्यकता अनुसार) र प्राप्त सूचनाको विश्लेषण र तुलनामा केन्द्रीत रहन्छ । यद्यपि, पुनर्वास योजनाको औचित्यपूर्ण लागत प्राप्त गर्नु कामको उद्देश्य भएकाले प्रभावित सम्पत्तिका प्रकार, बजारको प्रमाणका आधारमा निश्चय गर्न सकिने सूचनाका आधारमा यथोचित प्रतिस्थापन मूल्यको यकिन गरिनेछ ।

**मूल्यांकनको आधार** : लागत अनुमान मूल्यांकन जमिन र रियल स्टेट दुवैमा (१) अनुसन्धान र बजार जाँच (२) उपलब्ध रहेको अन्य संस्थाले गरेको मूल्यांकन सर्वेक्षणको परिणाम (३) मूल्यांकन गरिने जमिनका नापी नक्सा र इजाजतप्राप्त मूल्यांकनकर्ताले गरेको वरपरको जमिनको मूल्यांकन

## ३. विधि

जमिन  र उस्तै प्रकारको प्रभवित सम्पत्तिको प्रतिस्थापनको लागत जाँच गर्ने विधि राष्ट्रिय कानुनमा आधारित जग्गा प्रशासन, अधिग्रहण, मूल्यांकन र आदिवासी जनजाति समुदायको विशेष अधिकार (मगर गुनासोकर्ता केन्द्रीत) र एडीबीको सुरक्षा/संरक्षण नीति दस्तावेज (विधि र व्यवहार), २००९को सन्दर्भका आधारमा हुनुपर्छ।

**३.१ तथ्यांक संकलन**

तल प्रस्तुत तथ्यांक संकलन विधि, संकलन गरिने तथ्यांक, नमुना संकलनको आधारलाई आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

**३.१.१ जग्गा**

यस संस्थापनको उद्देश्य जिल्लाको क्षतिपूर्ति मूल्य  पर्याप्त छ या यसले प्रभावित व्यक्तिहरुलाई उस्तै जिल्लाको अर्को ठाउँमा विशेषता भएको र उत्ति नै परिमाणमा जमिन किन्न सक्ने अवस्था प्रदान गर्न सक्दैन भन्ने यकिन गर्नु हो। यो जग्गाको बजार मूल्यका आधारमा यकिन गरिनेछ। विज्ञहरुले हालसालैका जग्गा कारोबारको विभिन्न तथ्यांक संकलन गरेर र बिक्रीमा रहेका जग्गाका बिक्रेतासँग बिक्री मूल्यको अपेक्षाका बारेमा बुझेर बजार मूल्य पत्ता लगाउनेछन्। विज्ञहरुले विभिन्न खालका जग्गा कारोबारका तथ्यांक संकलन गरी जिल्लाको मूल्यसँग यसको तुलना गर्नेछन्। यो विश्लेषण तयार पार्न सहयोग साम्रीका रुपमा परियोजना प्रभावित क्षेत्रका जमिनका स्वामित्वकर्ताहरुसँग प्रत्यक्ष अन्तर्वार्ता गरिनेछ, यसमा प्रभावित र प्रभावित नभएका दुवैलाई समेटीनेछ। अन्तर्वार्ताले निम्न विषयहरु समेट्नेछः

- उक्त क्षेत्रमा विद्यमान जमिन प्रयोग अधिकार हस्तान्तरण
- मूल्य (प्रभावित र प्रभावित स्वामित्वकर्ता) जो जग्गा बेच्न लालायित (इच्छुक) छन्

जग्गाको मूल्य प्रयोगसम्बन्धि निम्न आधारमा फरक हुनेछ, जसमा

- बगैंचा
- कृषियोग्य जमिन
- वन/जंगल
- चरन क्षेत्र
- परम्परागत जमिन
- पैत्रिक सम्पत्ति
- व्यक्तिगत स्वामित्व
- साझा सम्पत्ति

कृषियोग्य र वन क्षेत्रको जमिन पनि उर्वराशक्ति/उत्पादन क्षमताका आधारमा घरपरिवारका आय निर्भर हुने हुँदा आधारमा यसको गुणस्तरमा फरक पर्छ।

**नमुना संकलनको आकार**

- प्रभावित जमिनको स्वामित्वकर्ता (गुनासोकर्ता) : ............... घरपरिवार
- प्रभावित जमिनको स्वामित्वकर्ता : .................... घरपरिवार
- आयोजनाबाट प्रभावित नभएको स्वामित्वकर्ता (गाउँकै प्रभावित जमिनसँगैको) : ....... घरपरिवार

**३.१.२ बालीनाली र रुख**

यो संस्थापनको उद्देश्य बजारको मूल्यसँग जिल्लाको क्षतिपूर्ति मूल्य बराबर, कम या उच्च छ भनेर यकिन गर्नु हो। यसको यकिन गर्दा हरेक प्रकारका प्रभावित बाली र रुखको औसत बजारमूल्यका आधारमा गरिनेछ। यसका लागि सूचना निम्न स्रोतबाट संकलन गरिनेछ।

**द्वितियक स्रोत**

- सम्बन्धित विभागको प्रकाशन (वातावरण, कृषि, वन)
- प्रमुख जिल्ला अधिकारीले अध्यक्षता गर्ने क्षतिपूर्ति निर्धारण समितिको प्रकाशन (उपलब्ध भएमा)

**प्राथमिक स्रोत**

- स्थानीय स्तरमा उक्त बाली र रुखको स्वामित्व भएका मानिसहरुसँग कुराकानी गर्ने । र अन्तर्वार्तामा निम्न विषयहरु समेट्ने,

  मूल्य , जो स्वामित्वकर्ता आफ्नो उत्पादन र रुख बेच्न इच्छुक छन् । सदाबहार रुखहरुको मूल्य र पुराना रुखहरुको मूल्य फरक हुन्छ ।
- विज्ञले बजारबाट बाली र रुखका विभिन्न उत्पादनहरुको बिक्री मूल्य अनुसन्धान गर्नेछन् ।

**नमुना संकलन आकार**

- परियोजनाले बाली र रुख प्रभावित भएका स्वामित्वकर्ता : ............ घरपरिवार
- परियोजनाले बाली र रुख प्रभावित नगरेका स्वामित्वकर्ता : ........... घरपरिवार
- बेर्ना/बीउ आपूर्तिकर्ता : ............. व्यक्तिहरु
- बिक्रेता : .............. व्यक्तिहरु
- अन्य : ..................

**३.१.३ साझा सम्पत्ति स्रोत**

यो संस्थापनको उद्देश्य प्रभावित साझा सम्पत्ति स्रोतको जिल्लाले निर्धारण गरेको क्षतिपूर्तिले प्रभावितलाई गुमेको सम्पत्ति प्रतिस्थापन गर्न सक्ने हैसियत बनाउँछ कि बनाउँदैन भन्ने हो । गुनासोकर्तासँगको अन्तर्वार्ताका आधारमा सूचनाका आधारमा यसको निर्धारण गरिनेछ ।

**३.१.४ अन्य समुदायमा आधारित सुविधाहरु (विद्युत् आपूर्ति संरचना, पानी आपूर्ति र पाइप (वितरण प्रणाली)**

यस संस्थापनले समुदायमा आधारित यस्ता सुविधानहरुको प्रतिस्थापन लागत यकिन गर्नेछ । संरचनाको हकमा, प्रतिस्थापनको क्रममा यस्ता संरचना निर्माण गर्दाको लागत प्रचलित बजार मूल्य,स्थानीय प्रतिष्ठीत निर्माण सेवा प्रदायकसँग लागतको दरभाउ मागका आधारमा निर्धारण गरिनेछ । प्रारम्भिक मूल्यांकनका आधारमा प्राप्त सूचनाहरुलाई यस्ता संरचना निर्माणमा संलग्न अधिकारीहरुसँग निर्माण सामग्री तथा श्रमिकको लागत मूल्यांकन गराउन सकिन्छ ।

**३.१.५ संरचना**

विभिन्न प्रकारका संरचनाहरु निर्माणको लागतको मूल्यांकन, अन्यको भन्दा थप उपलब्ध भएसम्म (क) त्यस्ता संरचनाको स्वामित्वकर्तासँगको अन्तर्वार्ता (अहिलेको संरचनामा प्रयोग भएको मुख्य निर्माण सामग्रीको प्रकार, त्यी सामग्रीको उत्पत्ति/उत्पादन (स्थानीय वा अन्यत्रबाट ल्याइएको हो?), विभिन्न सामग्रीको लागत, श्रम (लागत), (ख) निर्माणका ठेकेदारसँग अन्तर्वात (स्थानीय व्यक्तिहरुले संरचना निर्माणमा बढीजसो प्रयोग गर्ने सामग्री, त्यी प्रमुख निर्माण सामग्रीको लागत, श्रमिकको लागत, विभिन्न संरचनाको वर्गीकरण अनुसार औसत निर्माण खर्च (प्रति वर्ग किमी तला निर्माण खर्च) (ग) सरकारको निर्माण खर्च (प्रति वर्ग मिटर तला या अन्य वींकरण अनुसार प्रति इकाइ खर्च) का आधारमा गरिनेछ ।

## ४. लागू हुने परियोजना इकाइ दर निर्धारण

विभिन्न गतिविधिहरुका आधारमा (१) प्रयोग गरिएको विधि प्रस्तुत गर्ने (२) परियोजनामा लागू भएको प्रति इकाइको दर तालिकामा प्रस्तुत गर्ने

## ५. उपलब्धि/ प्रतिवेदन आवश्यकता

यी सबै काम सम्पन्न गर्ने समयसीमा ४५ दिनको हुनेछ, बीचमा विश्रमा समेत गरेर काम शुरु गरेको दुई महिनाको अवधि हुनेछ । जग्गाको मूल्यांकन अध्ययन सन् २०२० को  जुलाइ र अगस्टको बीचमा शुरु हुनेछ । अध्ययनभर, विज्ञले सान्दर्भिक सरोकारवाला, सामाजिक/आदिवासी जनजाति सम्बन्धि विज्ञसँग सान्निध्य रहेर काम गर्नेछन् र विशेष परियोजना सहजकर्ताबाट निर्देशित हुनेछन् । जग्गा मूल्यांकन सम्बन्धि विज्ञले विशेष परियोजना सहजकर्ता कार्यालयका परामर्शदाता र मगर अनुवादक/सहजकर्ता सन्निकट रहेर काम गर्नेछन् । सबै प्रतिवेदन अंग्रेजी, नेपाली र गुनासोकर्ताको मगर भाषामा समेत तयार गरिनेछ ।  सञ्चालन गरिने गतिविधिका आधारमा विज्ञले यी  विषय प्रस्तुत गर्दै बृहद् प्रतिवेदन पेश गर्नेछन् :

१. प्रारम्भिक प्रतिवेदन र अबलम्बन गरिएको विधि,

२. प्रति इकाइ लागतका सम्बनधमा विस्तृत प्रतिवेदन जुन विभिन्न प्रकार/वर्गीकरणका जग्गा बालीनाली, रुख, संरचना, साझा सम्पत्ति स्रोत अन्तर्वार्ता र प्रकाशन सामग्रीको प्रयोगका आधारमा समर्थक/सहायक दस्तावेज सहित प्रस्तुत गर्नुपर्नेछ, र

३. कुल बजेट र त्यसको प्रत्येक भागको खर्च विवरणको प्रचलित/स्थापित दरका आधारमा वर्गीकरण सहितको  तथ्यांक

## ६. योग्यता र अनुभवको आवश्यकता

राष्ट्रिय प्रणालीमा आधारित एकजना व्यवसायिक जग्गा मूल्यांकनकर्तालाई आवद्ध गरेर जग्गाको मूल्यांकन तयार गर्नुपर्छ (क) अन्तर्राष्ट्रिय रुपमा स्वीकृत  विधिको प्रयोग गरी तयार गरिएको हुनुपर्ने (ख) बजार मूल्यलाई प्रतिबिम्बित गर्ने र कारोबार रकम स्पष्ट हुनुपर्ने (ग) स्वतन्त्र ढंगले तयार गर्नुपर्छ । विज्ञ इजाजत प्राप्त र जग्गा मूल्यांकनको काम गर्न दर्ता भएको हुनुपर्छ र कम्तीमा नेपालमा यही क्षेत्रमा ५ वर्ष काम गरेको र खासगरी एडीबी र/अथवा युरोपेली लगानी बैंक जस्ता अन्तर्राष्ट्रिय निकायहरुले लगानी गरेको परियोजनामा  प्रतिस्थापन लागत सर्वेक्षणको अनुभव भएको हुनुपर्छ । उ/उनी अंग्रेजी भाषा लेख्न र बोल्न निपुणः हुनुपर्नेछ ।